राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

वर्ष– ३१, अङ्क– ३२, फागुन २९ गते शुक्रबार, २०८२ (13 March, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

# निर्वाचन परिणाम अन्तिम चरणमा

## समानुपातिक गणना पनि सकियो, रास्वपा दुईतिहाई नजिक, कांग्रेस–एमाले दोस्रो र तेस्रो, नेकपा चौथो

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** २१ फागुनमा सम्पन्न मध्यावधि आमचुनावको मतगणना सकिएको छ । अघिल्लो बिहीबार सम्पन्न चुनावको मतगणना यो साताको बुधबार अपराह्न सम्पन्न भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिएका छन् । समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचन अधिकृतको कार्यालयहरूबाट आयोगमा विवरण प्राप्त हुने क्रम बिहीबारसम्म जारी रहेको बताउँदै राजनीतिक दलले पाउने सिट संख्या निर्धारणको गृहकार्य समेत सुरु भएको सहायक प्रवक्ता जिसीले बताए । केही दिनमा समानुपातिक उम्मेदवार निर्वाचित भएको घोषणा गरी प्रमाणपत्र दिएर निर्वाचन प्रक्रिया टुंग्याइने जानकारी आयोगले दिएको छ । यस निर्वाचनमार्फत अघिल्लो चुनावबाट चौथो दलका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एकलौटी सरकार गठनका लागि चाहिने एकल बहुमत मात्रै प्राप्त गरेको छैन कि संविधान संशोधन नै गर्न पुग्ने गरी दुईतिहाई बहुमतको नजिक पुग्ने स्पष्ट भएको छ । *(यद्यपि प्रतिनिधिसभाको दुईतिहाई मात्रैले संविधान संशोधन हुँदैन; राष्ट्रियसभा र प्रदेशसभामा उक्त दलको उपस्थिति छैन ।)*

यसअघिको पहिलो दल नेपाली कांग्रेस निकै ठूलो मतान्तर र सिटसंख्यासहित दोस्रो र त्यतिबेलाको दोस्रो ठूलो दल नेकपा (एमाले) तेस्रो दलमा खुम्चने र अघिल्लो संसदीय कार्यकालमा 'निर्णायक' सिट संख्यासहित तेस्रो दलका रूपमा रहेको नेपाली कम्युनिस्ट पार्टी चौथो दलमा झर्ने स्पष्ट भएको छ ।

बुधबार बिहानसम्ममा समानुपातिक निर्वाचनतर्फ १ करोड ७ लाख ३९ हजार १ सय १५ मतगणना भएको आयोगले जनाएको छ । गणना भएकोमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५१ लाख ३९ हजार २ सय ३५ सहित अग्रता कायम गरेको छ ।

क्रमशः अन्तिम पृष्ठमा

# हालसम्मकै कमजोर बन्यो पुरानो दल नेपाली कांग्रेस

**काठमाडौं ।** अघिल्लो बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट नेपाली कांग्रेस २०४८ साल यताकै सवैभन्दा कमजोर स्थितिमा झरेको देखिएको छ । जनआन्दोलन २०४६ को सफलतापछि अहिलेसम्म प्रतिनिनिधिसभा र दुई संविधानसभा सहितका निर्वाचन ०४८, ०५१, ०५६, ०६४, ०७०, ०७४, ०७९ र ०८२ मा गरी ८ वटा निर्वाचनमा भाग लिएको कांग्रेसको उपस्थिति ०८२ मा सबैभन्दा कमजोर देखिएको हो ।

निर्वाचन आयोगको तथ्यांक अनुसार ती ८ मध्ये अहिलेसम्म ४ वटा निर्वाचनबाट प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल भएको छ भने ४ निर्वाचनमा दोस्रो दल र उपस्थितिका हिसाबले अहिले सबैभन्दा कमजोर देखिएको हो । ०४८ सालको निर्वाचनमा प्रतिनिधि सभाका २०५ सिटमध्ये ११० मा जित हासिल गर्दै पूर्ण बहुमत प्राप्त गरेको कांग्रेसले उतिबेला जम्मा सिट संख्याको ५३.६६ प्रतिशतमा जितेको थियो । सोही निर्वाचनमा दोस्रो भएको एमालेले ६९ सिटमा जितेको थियो ।

यस्तै ०५१ मा सम्पन्न मध्यावधि निर्वाचनमा कांग्रेस दोस्रो ठूलो पार्टी बनेको थियो । २०५ सिटका लागि भएको निर्वाचनमा एमालेका ८८ उम्मेदवार निर्वाचित हुँदा कांग्रेसका ८३ उम्मेदवारमात्र निर्वाचित भए । त्यतिबेला कांग्रेसले प्रतिनिधि सभाको जम्मा सिट संख्याको ४०.४९ प्रतिशत जितेको थियो । ०५६ सालमा २०५ सिटका लागि भएको निर्वाचनमा कांग्रेस पहिलो पार्टी बनेको थियो । त्यो निर्वाचनमा कांग्रेसका १११ उम्मेदवार विजयी हुँदा जम्मा सिट संख्याको ५४.१५ प्रतिशत मत पाएको हो । त्यो निर्वाचनमा एमालेका ७१ उम्मेदवार निर्वाचित भएर दोस्रो दल बनेको थियो ।

०६४ सालमा भएको पहिलो संविधान सभाबाट प्रत्यक्ष र समानुपातिक प्रणाली गरी दुई प्रणालीबाट सांसद चुनिने व्यवस्था गरियो । ६०१ सिट निर्धारण गरी २४० प्रत्यक्षतर्फ ३३५ समानुपातिक तर्फ र २६ जना मनोनीत हुने व्यवस्था गरियो । त्यो निर्वाचनमा कांग्रेस दोस्रो ठुलो पार्टीमा झर्‍यो ।

त्यस बेला सबैभन्दा ठुलो दल बनेको तत्कालीन नेकपा माओवादीले प्रत्यक्षतर्फ १२० र समानुपातिकतर्फ १०० सिट गरी २२० सिट जितेको थियो । माओवादीले मनोनीतबाट पनि ९ सिट पायो । त्यो जोड्दा माओवादीको २२९ सिट पाएको थियो । उतिबेला कांग्रेसले प्रत्यक्षतर्फ ३७ र समानुपातिकतर्फ ७३ सिट गरी ११० सिट र मनोनीततर्फ ५ सिट पायो । यसरी हेर्दा यो निर्वाचनमा कांग्रेसको उपस्थिति जम्मा सिट संख्याको १९.१३ प्रतिशत थियो । तत्कालीन संविधान सभाले संविधान जारी गर्न नसकेपछि २०७० मा भएको दोस्रो संविधासभा निर्वाचनमा

क्रमशः अन्तिम पृष्ठमा

# केही नवीनतम अवधारणा

**समय- सन्देश**

**राम कार्की 'पार्थ'**

अस्थिरता, असमानता र स्वेच्छाचारिता पुँजीवादको नैसर्गिक र स्थायी चरित्र हो । यी सवै हुँदाहुँदै पनि पुँजीवाद हाम्रा अग्रज मार्क्सवादीहरूले अपेक्षा गरेअनुसार समाजवादी क्रान्तिद्वारा प्रतिस्थापित हुन सकेन । अहिलेसम्म विश्व पुँजीवादी व्यवस्थामा आएका सङ्कटहरूलाई टार्न पुँजीवाद सफल देखिएको छ । नयाँ–नयाँ भूगोलमा विचरण गरेर तथा आफ्ना स्वरूप, ढाँचा र तरिकाहरूलाई हेरफेर गरेर पुँजीवादी सङ्कट क्रान्तिकारी सङ्कटमा फड्को हान्नबाट रोकिएको छ । यसमा धेरै हदसम्म त समाजवादी आन्दोलनका कमजोरीहरूले काम गरेको छ । गत केही दशकदेखी विश्व पुँजी–व्यवस्था लगातार सङ्कटमा फस्दै गएको छ । सङ्कटको प्रकृति अभुतपूर्व र गम्भीर छ । फ्रेडरिक एङ्गेल्सको जीवनको अन्तिम वर्षदेखि अक्टोबर क्रान्तिसम्मको अवधिमा विश्व इतिहास यस्तै गम्भीर प्रकृतिको सङ्कटको साक्षी बनेको थियो । तत्कालीन सङ्कटलाई क्रान्तिकारी सङ्कटमा फेर्न कार्ल काउस्की, रोजा लक्जेम्बर्ग, भ्लादिमिर इल्यिच लेनिन, लियो जोगिच, कार्ल लिब्क्नेथ, लियोन ट्रटस्की आदिबीच चलेको सैद्धान्तिक–वैचारिक सङ्घर्षले अहम् भूमिका निर्वाह गरेको थियो ।

आजको सङ्कट समाधान गर्ने पुँजीवादी पण्डितहरूको प्रयत्न निरर्थक बन्दै गइरहेको छ । पुँजीवादसँग विचरण गर्नका निम्ति नयाँ भूगोल बाँकी छैन । संरचनागत परिवर्तनका निम्ति पुँजीवादी शिविरका विभिन्न शाखाहरूबाट भैरहेको प्रयत्नले पनि खासै असर देखाउन सकेको छैन । दु:खका साथ कबुल्नै पर्छ– यस्तो महत्त्वपूर्ण बेलामा समाजवादी शिविर भने 'शान्त' देखिन्छ । लेनिन, रोजा र एन्टेनियो ग्राम्सीजस्ता बौद्धिक क्रान्तिकारी जोधाहाहरु कहीं–कतै देखिँदैनन् । सङ्कट विभिन्न रूप र भङ्गीमामा प्रकट भइरहे तापनि नयाँ विश्व व्यवस्था निर्माण गर्न चाहिने वैचारिक बीजको राम्रो गोडमेल हुन नसक्नु नै यसको प्रमुख कारण हो । हाम्रो पार्टी नेकपा माओवादी छँदा अध्यक्ष प्रचण्डले यही मर्मलाई निरन्तर प्रकट गर्दै आउनु भएको थियो ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ३२, फागुन २९ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# परीक्षणमा 'नयाँ', आत्मसमीक्षामा 'पुराना'

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभाको मध्यावधि निर्वाचनले नेपालको संसदीय राजनीतिक रङ्गमञ्चमा नितान्त नयाँ परिवेश सिर्जना गरिदिएको छ। यसअघिको चौथो दल पहिलो र पहिलो, दोस्रो तथा तेस्रो दल ठूलो अन्तरका साथ क्रमशः दोस्रो, तेस्रो र चौथोमा खुम्चन पुगेपछि यो परिस्थिति सिर्जना भएको हो।

यथार्थतः र वस्तुतः पुरानै भए पनि आफूलाई 'नयाँ' राजनीतिक खेमाका रूपमा 'बेच्न' सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टी अब जनपरीक्षणको कठघरामा उभिन पुगेको छ भने 'पुराना' भनिएका कांग्रेस-एमाले-नेकपालगायतका दलहरू कठोर आत्मसमीक्षाको भट्टीमा होमिन बाध्य भएका छन्। हातमा अवसर हुँदा र सदाबहार झैं सत्ताको केन्द्रमा रहँदा नैतिकता, राजनीतिक मूल्य र राष्ट्र एवं जनताप्रतिको दायित्वबाट निकै हदसम्म च्युत भएका 'पुराना' शक्तिहरूको पतन त जरुरी नै थियो र जनताले त्यही गरिदिए तर 'नयाँ' भनिएकाहरू झन् 'पुराना' भन्दा पनि कयौंगुणा नालायक, गैरजिम्मेवार, भ्रष्ट र राष्ट्रघाती पो छन् कि भनेर गम्भीर आशङ्का गर्नुपर्ने पर्याप्त आधार तथाकथित जेनजी 'विद्रोह', रास्वपा र त्यसका 'नेता' हरूको व्यक्तित्व र पृष्ठभूमि, बलात् लादिएको मध्यावधि चुनाव र त्यसयताका घटना-शृङ्खलाहरूले प्रदान गरेका छन्।

जे-जस्तो परिवेश र आधार-कारणले नै किन नहोस्, जनताकै हातबाट भोट खसाल्न लगाइएकाले जनमतको अनादर कसैले पनि गर्नु हुँदैन। सवैको निम्ति अबको बाध्यता हो- पर्ख, हेर र गुण-दोषको परख गर!

# केही नवीनतम...

**अन्तर्राष्ट्रिय परिस्थिति**

सोभियत सङ्घको विघटनपछि केही कालका निम्ति एकध्रुवीय विश्वको सम्भावना बढेर गयो। तर, चाँडै नै संयुक्त राज्य अमेरिकाको खस्कँदो आर्थिक स्थितिले बहुध्रुवीय विश्वले आकार लिन थाल्यो। वैचारिक-सैद्धान्तिक रूपमा विश्व पुँजीवादी व्यवस्थालाई चुनौती दिने अर्को ध्रुव टड्कारो रूपमा देखा परिसकेको स्थिति छैन। तर, यो अवधिमा विश्वको राजनीतिक शक्ति-सन्तुलनलाई नै हेरफेर गर्न सक्ने केही महत्त्वपूर्ण आर्थिक, राजनीतिक र सामरिक विकासहरु भएका छन्। विश्व पुँजीवादी अर्थतन्त्रको प्रादुर्भावपूर्व संसारकै धनको भकारी भनेर चिनिने चीनको आर्थिक पुनरोदयले विश्वकै शक्ति-सन्तुलनलाई प्रभावित पारेको छ। स्मरणीय छ कि पलासीको युद्धमा पराजित भएपछि नै विश्वकै प्रमुख धनी मुलुक भारत उपनिवेश बन्न पुग्यो र भारतको निर्वाध लुटपछि नै बेलायत प्रतिद्वन्द्वी जर्मनी र फ्रान्सलाई उछिनेर एक नम्बर साम्राज्यवादी देश बन्न गएको हो। यसरी किनारामा धकेलिएको भारत र अफिम युद्धपछि निर्णायक रूपमा निर्धो मुलुक बन्न पुगेको चीन अब किनाराका देश रहेनन्। कुनै समय एसियाका पछौटे मुलुक मानिने यी दुई देशहरु विश्व पुँजीवादी अर्थतन्त्रको केन्द्रमा उपस्थित हुन भरमग्दुर प्रयास गरिरहेका छन्।

पुँजीवादी विकासको जुन चरणमा पुगेपछि युद्ध अपरिहार्य बन्न जान्छ, त्यसबाट बच्ने चिनियाँ प्रयास प्रशंसनीय त छ तर भविष्यले चीनलाई कुन प्रकारको रणनीति अख्तियार गर्न बाध्य पार्ला, त्यो भने अनिश्चित छ। जेहोस्, कतिपय मार्क्सवादी अर्थशास्त्रीका अनुसार विश्व पुँजीवादलाई विचरण गर्न अब कुनै नयाँ भूगोल बाँकी छैन। त्यसैले त्यसको अन्त्य पनि मुख्यतः चिनियाँ, भारतीय, ब्राजिलियन र इण्डोनेसियाली कामदार वर्गकै बलमा सम्पन्न हुनेछ। यही श्रृङ्खलामा नेपाली उत्पीडित वर्ग पनि सामेल हुनु पर्दछ।

**घरेलु परिस्थिति**

सङ्घर्षरत दुई वर्गमध्ये कुनै एक वर्गको निर्णायक जित नभएको स्थितिमा नेपाल रूमल्लिइरहेको छ। उदाउँदो चीनलाई घेर्ने संयुक्त राज्य अमेरिकाको रणनीतिअन्तर्गत उसले भारतसँग सवै प्रकारका गठबन्धन गरिरहेको छ। आफ्नो कुनै दीर्घकालीन रणनीति निर्माण गर्न असमर्थ हाम्रो नेपाल चीन र भारतबीच अवस्थित छ। शीतयुद्धको सङ्घारमा हामीले बुद्धिमत्तापूर्वक देश र जनताको हित हुने तत्कालीन र दीर्घकालीन नीतिहरु अख्तियार गर्न सकेनौं भने हाम्रो भविष्य भयावह हुने निश्चित छ।

सामन्तवादको निर्णायक उच्छेद नहुँदै नेपालको नशा-नशामा दलाल पुँजीवादका विषालु प्रभावहरूको विस्तार भयो। हाम्रो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक नशाहरूबाट सामन्तवादको विष नउत्रँदै दलाल तथा नोकरशाही पुँजीवादका विषहरु फैलिए। समय र परिप्रेक्षअनुसार पुँजीवाद विभिन्न मायावी रूपमा प्रकट हुने गर्दछ। हामी के कुरामा ढुक्क हुनुपर्छ भने हाम्रो मुख्य लडाइँ पुँजीवादका विरूद्ध हो र यसमाथिको विजयबाट प्राप्त हुने समाजवाद हो। दलाल पुँजीवाद समाप्त पारेर राष्ट्रिय पुँजीवाद कायम गर्ने सोच भनेको यथास्थितमै रमाइरहने सोच हो।

**आगामी कार्यभार**

अन्तर्राष्ट्रिय वर्गसङ्घर्षको सवैभन्दा जेलिएको गाँठो एसियातर्फ सर्दैछ भने जनयुद्धका क्रममा गरिएको संश्लेषण र हिजोसम्म किनाराका देश मानिने चीन र भारतको आर्थिक तथा राजनीतिक उदयले यो वैचारिक-राजनीतिक हाँक हाम्रा निम्ति 'ध्यान दिनुपर्ने' होइन, 'जोड दिनुपर्ने' कार्यभार बन्न गएको छ।

माओत्सेतुङले हामीलाई सिकाउनु भएको छ कि ज्ञान आकाशबाट खस्दैन। 'उत्पादनका निम्ति सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोग'- उहाँले ज्ञानको स्रोतका रूपमा औंल्याउनु भएका यी तीन क्षेत्रलाई उपेक्षा गरेर नयाँ विचारको कुरा गर्नु काल्पनिक उडान हुन सक्छ। त्यस्ता उडानले आजको विश्वको कार्यभार पूरा गर्न सकिँदैन। माओको यही शिक्षाको पनि पुनः अध्ययन र पुनर्व्याख्या हुनु जरूरी छ। हाम्रो विनम्र राय के छ भने वैज्ञानिक प्रयोग भन्नाले प्रकृति विज्ञानका निम्ति तयार पारिएका प्रयोगशाला मात्र बुझिनु हुँदैन। समाजमा गरिने सामाजिक, राजनीतिक, सांस्कृतिक प्रयोगहरूलाई पनि वैज्ञानिक प्रयोगशालाकै कोटिमा राखिनुपर्छ।

यसैले हाम्रा सम्मेलन, बैठक, अधिवेशन र महाधिवेशनहरूलाई नीतिप्रधान कार्यक्रम बनाइनु पर्दछ। मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा समाज, इतिहास, अर्थतन्त्र, राजनीति आदिको थप अध्ययन, थप छलफल र थप व्याख्या गर्नुसँगै मार्क्सवाद-लेनिनवाद-माओवादकै पनि थप अध्ययन, थप छलफल र थप व्याख्या गरिनुपर्दछ। यी क्रम घट्दो रूपमै सही, विश्वविद्यालयहरूमा भने चली नै रहेका छन्। तर, जुन समाजमा वर्गसङ्घर्ष तीव्र छ, त्यहाँ यस प्रकारका अध्ययन, अनुसन्धान र व्याख्याको काम अत्यन्त न्यून रूपमा मात्र भएका छन्। आरोप त यहाँसम्म लाग्ने गरेको छ कि कम्युनिस्ट पार्टी प्रभावी रहेको ठाउँमा विचार, कला र चेतनाका अन्य शाखाहरूमा सिर्जनात्मक काम प्राथमिकतामै पर्न छाडेका छन्। रमाइलो कुरा, जुन मुलुकमा कम्युनिस्ट पार्टी प्रभावी छैन, त्यहाँका विश्वविद्यालयहरूमा भने सिद्धान्त, विचारधारा, राजनीतिक दर्शन आदिको विषयमा छलफलहरु हुने गरेका पाइन्छन्।

कम्युनिस्ट पार्टी प्रभावी रहेको समाजमा पनि सयौं फूलहरु फुल्छन् भन्ने मान्यतालाई स्थापित गर्नु जरूरी छ। सिद्धान्त र राजनीतिको सन्दर्भमा हुने वादविवादमा हाम्रो पार्टीका लाखौं सदस्यहरूलाई सहभागी गराउनु हाम्रो प्रमुख दायित्व हो। चीन र भारतका अर्बौं जनताको केन्द्रमा रहेका लाखौं नेपाली जनताका बीच चल्ने यो बहसले ती अर्बौं जनताको ध्यान वैचारिक विकासको यस मुद्दातर्फ निश्चय नै आकर्षित गर्नेछ। दोस्रो र महत्त्वपूर्ण कुरा, लाखौं नेपाली कम्युनिस्टहरूको बीचमा चल्ने त्यो वादविवाद, प्रतिवाद र छलफलले उत्पन्न गर्ने ऊर्जाको बलमा हामी हाम्रा प्रगतिशील कार्यक्रमहरु लागू गर्न सक्षम हुनेछौं।

नेपालको यातायात व्यवस्थालाई कसरी समाजवादी यातायात व्यवस्थामा फेर्ने भन्ने बहसका बीच सरकारले सिन्डिकेट समाप्त पार्ने कार्यक्रम सुरू गरेको भए परिणाम बिल्कुलै बेग्लै आउने थियो। नेपालको शिक्षालाई कसरी जनवादी र वैज्ञानिक बनाउन सकिन्छ ? हाम्रा पाठ्यक्रमहरूमा जमेर बसेको 'आस्था, जात-व्यवस्था, पितृसत्ता र जडसूत्र' लाई फेरेर समाजवादी सोच र प्रणालीलाई कसरी प्रभावी बनाउने भन्ने बहसका बीच सरकारले जनपक्षीय शिक्षानीति र कार्यक्रम अगाडि सार्‍यो भने मात्र हामीले शिक्षामा चाहेको परिवर्तन ल्याउन सक्छौं। नेपालमा चलेको महान् जनयुद्धले प्रजनन गरेका मूल्य, सदाचार, आत्मवलिदान, सामूहिकता आदिमध्ये कतिपय मानवीय सम्पदाहरूको क्षय हुँदै गए पनि गणतन्त्र, सङ्घीयता, समावेशी प्रजातन्त्रजस्ता मूर्त राजनीतिक नाराहरु अहिले पनि नेपाली राजनीतिको केन्द्रमा मडारिइरहेका छन्। नेकपा माओवादीबाहेक अन्य क्रियाशील राजनीतिक पार्टीहरु यी तीनैवटा राजनीतिक प्रवर्गसँग सैद्धान्तिक विमति राख्ने पार्टी हुन्। आज यी मुद्दाहरूको संरक्षण र सम्बर्द्धन गर्नु माओवादीको केवल चाहना मात्र होइन, बाध्यता पनि हो। यी मुद्दाहरूमा तलबितल पर्नासाथ माओवादीको अस्तित्वमाथि नै प्रश्न खडा हुन्छ।

हरेक क्रान्तिले आफूलाई नयाँ पदावलीहरूमा अभिव्यक्त गर्दछ। सङ्घर्षका भीषण कालहरूमा नयाँ पदावलीहरूले जन्म लिन्छन् र कतिपय प्रचलित र पुराना पदावलीहरूले पनि नयाँ अर्थ धारण गर्दछन्। गणतन्त्र, सङ्घीयता र समावेशी प्रजातन्त्र नेपालको मौलिक क्रान्तिले सिर्जना गरेका जैविक ( अर्ग्यानिक) पदावलीहरु हुन्; भलै, सदियौंदेखि शब्दभण्डारमा यिनीहरूको अस्तित्व थियो। तर, आज यी पदावलीमा जनयुद्धले नयाँ अर्थहरु जोडिदिएको छ।

**गणतन्त्र**

हाम्रो गणतन्त्र चीन, भारत वा अन्य कुनै पनि देशको गणतन्त्रभन्दा मौलिकरूपले भिन्न छ। कतिपय मुलुकमा राजा-महाराजाहरूको आपसी कलहले गणतन्त्र स्थापना भएका छन् भने कतिपय मुलुकमा विदेशी हस्तक्षेपपछि गणतन्त्र स्थापना भएको छ। नेपालमा भने सयकडौं वर्षदेखि अन्याय, दमन, आक्रमण आदिका विरूद्ध श्रमजीवी जनताले चलाएको सङ्घर्षको विकसित मूर्तरूप नै गणतन्त्र बन्न पुग्यो।

हाम्रो गणतन्त्र जात-व्यवस्था विनास गर्ने प्रभावी हतियार बनेर विकसित हुनु पर्दछ। हाम्रो गणतन्त्रले पितृसत्तात्मक सोचलाई क्रमशः निर्मूल पार्दै जानु पर्दछ। हाम्रो गणतन्त्रले परम्परा, स्वायत्तता आदिको मुखुण्डो लगाएर बाँचिरहन चाहने जडतालाई समाप्त पार्न सक्नु पर्दछ। राजनीतिक रूपमा स्थापित भएको गणतन्त्रलाई हाम्रा विद्यालयमा, कामका विभिन्न क्षेत्रहरूमा (यहाँसम्म कि घरमा समेत) विस्तार गर्न र विकसित पार्न हामी चुक्यौं भने हाम्रो गणतन्त्रले आफ्नो अर्थ, मूल्य र ग्राह्यता गुमाउनेछ। हाम्रा शिक्षा, कृषि, स्वास्थ्य, उद्योग नीतिहरूमा गणतन्त्र टड्कारो भएर देखा पर्नु पर्दछ। हाम्रो देशमा सामाजिक जीवनका हरेक क्षेत्रमा गणतन्त्रको विस्तार, विकास र सम्बर्द्धन गर्न हामी प्रतिबद्ध बन्नु पर्दछ। नागरिकहरूको तहमा गणतन्त्रको उपादेयता र औचित्य पुष्टि गर्दै यसबाट प्राप्त भएका परिवर्तनको अनुभूति गराउन सक्नु पर्दछऽ।

**सङ्घीयता**

नीति निर्माणमा जनताको, विशेषतः उत्पीडित हिस्साको सहभागिता सुनिश्चित नभएसम्म प्रजातन्त्रको सर्वाङ्गीण विकास हुन सक्दैन। चौरमा, चौतारामा, विद्यालय परिसरमा, गुन्द्री, राडी-पाखी आदिमा बसेर कुलो-कुलेसा, पुल-पँधेरा, बाटा-घाटा, स्वास्थ्य केन्द्र, विद्यालय आदिबारे नीति निर्माण गर्न सकियोस् भन्ने उद्देश्यका साथ हामीले सङ्घीयतालाई आफ्नो राजनीतिक मुद्दा बनाएका हौं। यो निर्धन मुलुकका जनप्रतिनिधिहरु करोडौंको गाडीमा सवार भएर न्वारन, पास्नी, जन्मदिन मनाउने आतिथ्य सत्कार गरून् भन्ने उद्देश्य हाम्रो कदापि थिएन।

सङ्घीयताले बजेटको एउटा हिस्सा स्थानीय तहमा त ल्याइदियो; तर त्यसको विचरण र अनुगमनको संयन्त्र तयार हुन सकेको छैन। अर्थात्, मजदुर-किसानजस्ता आधारभूत तहका जनताको निगरानी ती विकास निर्माण आदिमा कायम हुन नसक्दासम्म हाम्रो सङ्घीयता जनतालाई पीडा प्रदान गर्ने 'बुख्याँचा' सावित हुनेछ।

**समावेशी प्रजातन्त्र**

निश्चित समयमा शासकवर्गको विचारधारा नै शासकीय विचारधारा रहन्छ भन्ने इतिहासमा पटक-पटक प्रमाणित भएको सत्य हो। बौद्धिक सम्पदामाथि, ज्ञानमाथि एउटा सानो समुदायको आधिपत्य कायम रहने र तिनैको विवेकले, दयाले प्रदान गरिने 'सिदा-दान' ले उत्पीडित वर्गको मुक्ति न कहिल्यै भएको थियो, न कहिल्यै हुनेछ। लाखौं दलित, लाखौं लोपउन्मुख जनजाति, करोडौं महिला आदिका बीचबाट दस-बीस जना 'आज्ञाकारी' खोजेर तिनलाई दिइने पद, विभूषण र सुविधालाई समावेशी प्रजातन्त्रको मूलम्मा (lint) (?) चढाउने चटके राजनीतिलाई बिदा दिएर उत्पीडितहरूको मुक्तिका निम्ति आवश्यक नीति निर्माणमा स्वयम् उत्पीडितहरुकै सहभागिता सुनिश्चित गर्ने प्रजातन्त्र हाम्रो समावेशी प्रजातन्त्र हो। तथाकथित माथिल्ला तहहरूमा पाँच जना दलितलाई टिपेर प्रजातन्त्रको डङ्का गर्ने परिपाटिमा पूर्णतः रोक लगाएर सिङ्गो दलितको मुक्तिका निम्ति जात-व्यवस्थाको विनास गर्ने नीति बनाउनु र त्यसमा सम्पूर्ण उत्पीडित तप्कालाई विश्वस्त पार्नु हाम्रो कार्यभार हो। हामी यो कार्यभार पूरा गर्न सम्पूर्ण पार्टी पङ्क्तिलाई परिचालन गर्नेछौं।

**उन्नत गर्नेपर्ने वैचारिक-सैद्धान्तिक प्रश्न**

उत्पीडितहरुको मुक्तिको सैद्धान्तिक-वैचारिक हतियार मार्क्सवाद हो भने मार्क्सवादको भौतिक शक्ति सर्वहारा वर्ग हो। नेपालको अर्थमा उत्पीडित वर्ग र जात-व्यवस्थाद्वारा उत्पीडित बनाइएका समुदाय नै मार्क्सवादका भौतिक शक्ति हुन्। निरन्तर साँध लगाइरहनु पर्ने वैचारिक हतियारमा खिया लाग्न लागेको अवस्थामा वैचारिक बहसको थालनी हाम्रो 'दुम्ला दस्तावेज' को पुनर्अध्ययन, पुनर्व्याख्या र संशोधन (हामीकहाँ संशोधन शब्दप्रति अरूचि छ) बाट हुन सक्दछ। दुम्ला दस्तावेजले उठाउन खोजेको मुख्य विषय क्रान्तिकारी आन्दोलनको निरन्तरता र सङ्क्रमणकालीन सत्ताकै प्रश्न हो।

राजनीतिक सत्ताको प्रश्नमाथि विचार गर्दा मार्क्सवादीहरूले, मार्क्स र एङ्गेल्सले पेरिस कम्युनप्रति व्यक्त गरेका धारणाहरुलाई दिशानिर्देशका रूपमा लिँदै आएका छन्। मार्क्सका मेधावी उत्तराधिकारीहरूका रूपमा स्थापित लेनिन, रोजा लक्जेम्बर्ग, यहाँसम्म कि माओले समेत राजनीतिक सत्ता उत्पीडित वर्गहरूको स्वयम्-सङ्गठन (self organization) को हातमा जानुपर्ने जिकिर गरेका छन्। अराजकतावादीहरूको बाहुल्यता रहेको पेरिस कम्युनलाई मार्क्स र एङ्गेल्सले समाजवादतर्फको यात्राको सङ्क्रमणकालीन आदर्श सत्ताका रूपमा प्रशङ्सा गर्नुले यही सत्यलाई उजागर गर्दछ। परिस्थितिजन्य बाध्यताका नाममा पार्टीले सत्तामा हालीमुहाली जमाउनुपूर्व बोल्सेभिक क्रान्तिमा पनि सत्ता मजदुर, किसान, सिपाही सम्मिलित सोभियतकै हातमा रहने लक्ष्य निर्धारण गरिएको थियो। पछिल्लो कालमा सत्तामा आम मजदुर-किसानको निगरानी र नियन्त्रण कायम गराउने प्रयास चीनमा चलेको महान् सर्वहारा सांस्कृतिक क्रान्तिमा परिलक्षित भएको थियो। यसलाई सैद्धान्तिक रुपमा अझ उन्नत ढङ्गले अथ्याउने (interpretation ug]{) काम भने मार्क्सवादका विलक्षण सिद्धान्तकार एन्टिनियो ग्राम्सीले गरेका छन्।

'पुँजीवादी संसद् अवसरवाद कोरल्ने मुहान हो' भन्ने रोजा लक्जेबर्गको भनाइसँग लेनिनलगायत सवै मार्क्सवादी क्रान्तिकारीहरु सहमत छन्। सुँगुरको खोर सफा गर्न खोरमा जानैपर्छ भन्ने मान्यतासँग पनि मार्क्सवादलाई प्रयोगाश्रित विज्ञान ९झउष्चषअबकिअष्भलअभ० मान्ने सच्चा कम्युनिस्टहरूले विमति जनाउन सक्दैनन्। यसरी पुँजीवादी संसद्मा पठाइएका

क्रमशः पाँचौं पृष्ठमा

# राम्रा कामका लागि मात्रै रास्वपालाई साथ : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राम्रो कामका लागि मात्रै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई साथ दिने बताएका छन् ।

अत्यधिक बहुमत ल्याउन सफल भएकामा रास्वपालाई शुभकामना दिँदै संयोजक दाहालले राम्रो काम गरेमा आफ्नो समर्थन रहने बताएका हुन् । बुधबार यहाँ सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उनले भने 'अहिले राष्ट्रिय स्वतन्त्र पार्टीले जसरी अत्यधिक बहुमत ल्याएको छ, हाम्रो उनीहरूलाई शुभकामना छ र राम्रो काम गरुन्, राम्रो कामलाई हाम्रो साथ समर्थन हुन्छ ।'

प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु नै सकारात्मक रहेको चर्चा गर्दै उनले थपे 'निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं ।' सुरुवातदेखि नै आफूहरूले निर्वाचनको वातावरण बनाउन पहल गरेको दावी गर्दै उनले त्यही पहलले यो प्रतिनिधि सभाको निर्वाचन भएको खुलस्त पार्दै उनले भने- 'निर्वाचनको वातावरण बनाउन हामीले सुरुदेखि नै लिएको पहलकदमीको थोरै समीक्षा गर्‍यौं' उनले भने 'त्यो सहि थियो भन्ने नै छ ।'

# लोकतान्त्रिक गणतन्त्रको सूत्राधार खुम्चियो चौथो स्थानमा

**काठमाडौं ।** लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि लामो संघर्ष र महत्वपूर्ण योगदान पुर्‍याउने नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले यही फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ सन्तोषजनक मत पाउन सकेन भने समानुपातिकतर्फ मत पनि उत्साहजनक रहेन ।

प्रत्यक्षतर्फ जम्मा ७ सिट जितेर चौथो बनेको नेकपाले इतिहासकै प्रतिकूलताको सामना गरेको छ । मुलुकमा गणतन्त्र स्थापनाका लागि तत्कालीन दश वर्षे सशस्त्र विद्रोह र जनआन्दोलनबाट स्थापित अहिलेको नेकपा खराब नतिजाका साथ चौथो स्थानमा धकेलिएको हो । फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको आइतबार अपराह्न ५ बजेसम्म ४५ लाख ३० हजार ९१३ मत गणना हुँदा नेकपाले जम्मा तीन लाख चार हजार ६२ मत प्राप्त गरेको छ। २०५२-०६२ मा माओवादी सशस्त्र विद्रोहको रापताप र २०६३/०६३ को जनआन्दोलनबाट स्थापित भएको वर्तमान नेकपा तत्कालीन माओवादीले २०६४ मा भएको संविधानसभा निर्वाचनमा २२९ सिट जितेर पहिलो दल बनेको थियो ।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा ८३ सिट जितेर तेस्रो दलमा खुम्चियो । त्यसयता हरेक निर्वाचनमा सम्मानजनक मतसहित तेस्रो स्थान कायमै रहेको नेकपाले यस पटक भने लज्जास्पद हार व्यहोरेको छ। २०७४ मा दुई ठूला वामपन्थी दल नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिस्ट पार्टी बनाएर १७४ सिट जितेर झण्डै दुईतिहाई मत प्राप्त गरेको थियो । २०७९ सालमा ३२ सिट जितेर तेस्रो स्थानमा पाएको सो पार्टी यस पटकको निर्वाचनबाट निर्णायक राजनीतिक शक्ति बन्ने योजना सहित नेकपाका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालले विभिन्न २५ घटकलाई मिलाएर चुनवामा होमिएका थिए ।

उतिबेला २०५२ देखि ०६२ सम्ममा माओवादी सशस्त्र विद्रोहको रापताप र २०६२/६३ सालमा भएको जनआन्दोलनको इतिहास बोकेको दाहालको नेतृत्वमा रहेको नेकपाको अस्तित्व यतिबेला संकटमा पर्दै गएको छ । भदौ २३ र २४ मा भएको 'जेन-जी' आन्दोलनका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको कांग्रेस-एमाले गठबन्धन सरकार ढलेपछि ताजा जनादेशका लागि पूर्वन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले संसद विघटन गरी निर्वाचन घोषणा गरेको थियो ।

यो पटकको निर्वाचनमा तीन वर्ष अगाडि खुलेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ सरकार बनाउने गरी अगाडि बढिरहँदा पुराना दल कांग्रेस, एमाले र नेकपा गम्भीर संकटमा धकेलिएका छन् । २०४६ सालमा राजनीतिक परिवर्तनपछि २०४८ सालमा भएको निर्वाचनमा तत्कालीन नेकपा एकता केन्द्रको खुला मोर्चा संयुक्त जनमोर्चाले ९ सिट जितेर तेस्रो दल बनेको थियो । २०५१ मा मध्यावधि निर्वाचन बहिष्कार गर्ने वर्तमान नेकपाको मूल घटक माओवादीले बहिष्कार गरी सशस्त्र युद्धमा होमिएको थियो । २०६२ मा त्यतिबेलाका संसदीय ७ राजनीतिक दल र माओवादीबीच १२ बुँदे सम्झौता भएसँगै तत्कालीन दस वर्षे सशस्त्र जनयुद्धको जगमा सम्पन्न २०६२/०६३ मा दोस्रो जनआन्दोलनले परम्परागत राजतन्त्र ढाल्यो । हाल त्यही गणतन्त्रका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने वर्तमान नेकपाले सम्मानजनक मत प्राप्त गर्न सकेन ।

# सर्लाहीमा पूर्वमन्त्रीसहित १२४ उम्मेदवारको जनमत जफत

**काठमाडौं ।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्लाहीको चार वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएका पूर्व मन्त्रीसहित १५४ जनाको जमानत जफत भएको छ। निर्वाचन ऐन अनुसार कूल सदर मतको १० प्रतिशत प्राप्त गर्न नसक्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ ।

फागुन २१ गते सम्पन्न निर्वाचनमा ६८ स्वतन्त्रसहित १५४ जना उम्मेदवारको जमानत जफत हुने देखिएको मुख्य निर्वाचन अधिकृत पुष्पराज थपलियाले जानकारी दिएका हुन् । सर्लाहीमा जमानत जफत हुनेमा पूर्वमन्त्रीदेखि निवर्तमान प्रतिनिधिसभा सदस्य समेत रहेका छन् । क्षेत्र नं १ मा निवर्तमान सांसदसहित २८ जना उम्मेदवारको जमानत जफत हुने भएको छ। नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका शम्भुलाल श्रेष्ठ बाहेक सबैको जमानत भएको हो । जमानत जोगाउन यस क्षेत्रका उम्मेदवारले कम्तीमा ७ हजार ३८५ मत प्राप्त गर्नुपर्ने थियो । तर, यस क्षेत्रमा दुई जना बाहेक अन्य उम्मेदवारले १० प्रतिशत थ्रेसहोल्ड कटाउन सकेको छेनन् ।

यस क्षेत्रबाट उम्मेदवारी दिएका जनता समाजवादी पार्टीका उम्मेदवार निवर्तमान प्रतिनिधिसभा सदस्य राम प्रकाश चौधरी, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार पूर्व सांसद प्रमोद साह, नेकपा (एमाले)का उम्मेदवार ईश्वरपुर नगरपालिकाका पूर्व मेयर समेत रहेका मनोजकुमार देवकोटा सहित २८ जनाको जमानत जफत छ। निवर्तमान सांसद चौधरीले ३ हजार ९९१, पूर्व सांसद साहले ५ हजार ४९८ र पूर्व मेयर देवकोटाले ६ हजार १०१ मत मात्र प्राप्त गरेका थिए। कूल एक लाख ३० हजार ८७१ मतमध्ये ६०.५३ प्रतिशत अर्थात ७९ हजार २०७ मत खसेको थियो। त्यसमध्ये ७३ हजार ८४२ मत सदर भएको थियो ।

यस्तै, क्षेत्र नं २ मा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोसहित २९ जनाको जमानत जफत भएको छ। त्यसमा १७ जना स्वतन्त्र उम्मेदवार छन् । जमानत जोगाउन यस क्षेत्रका उम्मेदवारले सदर ७२ हजार ३८१ मतको १० प्रतिशतले हुन आउने सात हजार २३९ मत प्राप्त गर्नुपर्ने छ । सम्पन्न मतगणनाको परिणाम अनुसार राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष महतोले पाँच हजार ९९२ मत मात्र प्राप्त गरे । उनले कूल सदर मतको १० प्रतिशत मत समेत प्राप्त गर्न सकेनन् । सर्लाही २ मा निकटतम प्रतिस्पर्धी रहेका नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार एवं पूर्वमन्त्री महेन्द्रराय यादव भने ८ हजार ५२३ मत प्राप्त गरी जमानत जोगाउन सफल भएका छन् । यस क्षेत्रमा कूल एक लाख २५ हजार ३११ मतको ६२.०८ प्रतिशत अर्थात ७७ हजार ७८९ मत खसेको थियो । त्यसमध्ये यहाँ ७२ हजार ३८१ मत सदर र ५ हजार ८ मत बदर भएको छ ।

सर्लाही- ३ मा निकटतम प्रतिस्पर्धी रहेका नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार एवं पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठको मात्र जमानत जोगिएको छ । ३४ जनाको उम्मेदवारी परेको यस क्षेत्रमा ३२ जनाको जमानत जफत हुने अवस्था आएको निर्वाचन अधिकृत नवराज आचार्यले जानकारी दिए। १९ जना स्वतन्त्रसहित ३२ जनाले कूल सदर मतको १० प्रतिशत प्राप्त गर्न सकेनन् । कूल एक लाख ३४ हजार ४१२ मतदाता रहेको यस क्षेत्रमा ८२ हजार १०८ मत खसेको थियो । त्यसमध्ये ७७ हजार ८३८ मत सदर र चार हजार २६८ मत बदर भएको छ। यस क्षेत्रमा जमानत सुरक्षित गर्न कम्तीमा सात हजार ७८४ मत ल्याउँनुपर्नेमा पूर्व गृहमन्त्री श्रेष्ठले १३ हजार ३३८ मत प्राप्त गरेका थिए । यहाँ नेकपा एमालेका उम्मेदवार पूर्व रक्षामन्त्री तथा निवर्तमान प्रतिनिधिसभा सदस्य हरिप्रसाद उप्रेती, नेपाली कांग्रेसका विनोदकुमार खनाल लगायतको जमानत जफत भएको छ ।

यसैगरी, सर्लाही ४ मा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र नेकपा एमालेका अमनिसकुमार यादव बाहेक सबै जनाको जमानत जफत भएको छ । ३८ जनाको उम्मेदवारी परेको यहाँ कांग्रेस सभापति थापा र नेकपा एमालेका उम्मेदवार यादवले मात्र जमानत जोएका छन् । २३ जना स्वतन्त्रसहित ३५ जना उम्मेदवारको भने जमानत बापतको रकम गुमेको छ । यस क्षेत्रमा ३५ जना उम्मेदवारले जमानत जोगाउन आवश्यक सात हजार ३३७ मतसमेत प्राप्त गर्न सकेनन् । राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अमरेशकुमार सिंह ३५ हजार ६८८ मतसहित विजयी भएको यस क्षेत्रमा कूल एक लाख २१ हजार १२ जना मतदातामध्ये ७७ हजार ९३१ जनाले मत खसालेका थिए। त्यसमध्ये ७३ हजार ३६२ मत सदर भएको थियो, भने, चार हजार ५६९ मत बदर भएको छ । यहाँ कांग्रेसका उम्मेदवार एवं निकटतम प्रतिस्पर्धी सभापति थापाले २२ हजार ८३१ र तेस्रो भएका एमालेका यादवले नौ हजार ३४३ मत प्राप्त गर्दै जमानत जोगाएका छन् । यहाँ नेपाली कम्युनिस्ट पार्टीका डा रजनिशराय, पूर्वमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका रामेश्वरराय यादव लगायतको भने जमानत जफत भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ खसेको कूल सदर मतको १० प्रतिशत भन्दा कम मत ल्याएको अवस्थामा उम्मेदवारको जमानत अर्थात उम्मेदवारी दर्ता गर्दा राखेको रकम जफत हुने कानुनी व्यवस्था छ । उम्मेदवारबाट जफत भएको रकम राज्यकोषमा जाने निर्वाचन आयोगले उल्लेख गरेको छ । यस पटक जिल्लाका चार वटै क्षेत्रमा निर्वाचित उम्मेदवारले भारी मत प्राप्त गर्दा जमानत गुमाउने उम्मेदवारको संख्या ह्वात्तै बढेको हो ।

# गण्डकीमा एमाले र नेकपाको प्रतिनिधित्व शून्य

**काठमाडौं ।** फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशमा कम्युनिस्ट दल नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले एउटा पनि सिट हासिल गर्न सकेनन् । विसं २०७९ को चुनावमा गण्डकीबाट एमालेले ५ र नेकपाले दुई सिट ल्याएको गण्डकीबाट दुवै दलको प्रतिनिधित्व शून्य बनेको हो ।

अघिल्लो चुनावमा १० क्षेत्रमा जितेको नेपाली कांग्रेस पनि यसपटक गण्डकीमा दुई सिटमा सीमित रह्यो । विसं २०७९ को चुनावमा बागलुङ-१ मा विजयी बनेको राष्ट्रिय जनमोर्चाका उम्मेदवारको यसपालि जमानत नै जफत भयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रदेशका कुल १८ निर्वाचन क्षेत्रमध्ये १५ निर्वाचन क्षेत्रमा विजयी बन्न सफल भयो । म्याग्दी, मुस्ताङ र मनाङबाहेकका जिल्लामा रास्वपा उम्मेदवारले जितेका हुन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बने ।

मुस्ताङबाट नेपाली कांग्रेसका योगेश गौचन थकाली र मनाङमा पनि नेपाली कांग्रेसकै टेकबहादुर गुरुङले संसदको यात्रा तय गर्न सफल भएका छन् । रास्वपाले प्रदेश राजधानी रहेको कास्कीलगायत अधिकांश जिल्लामा जित निकालेको हो । रास्वपाबाट कास्की-१ खड्गराज पौडेल, कास्की-२ मा उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरुङ विजयी बने । बागलुङका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बने । बागलुङ-१ मा सुशील खड्का र बागलुङ-२ मा सोम शर्मा विजयी भएका छन् । स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बने । स्याङ्जा-१ बाट धनञ्जय रेग्मी र स्याङ्जा-२ बाट झविलाल डुम्रे ससंदमा पुगेका हुन्। तनहुँका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णिम वाग्ले र तनहुँ-२ मा श्रीराम न्यौपाने विजयी बनेका हुन् ।

यसैगरी, नवलपुर-१ मा रास्वपाकै राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी भए। लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी विजयी बने। पवर्तबाट रास्वपाकै सागर भुसालले ससंदीय यात्रा तय गरेका छन् । गोरखाका दुवै क्षेत्रमा समेत रास्वपाका उम्मेदवारले जित हासिल गरे ।




# मतपरिणामले जनताप्रतिको सेवाभावमा कमी हुँदैन : ओली

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन परिणाम आफ्नो पक्षमा नआए पनि जनताप्रतिको प्रतिबद्धता र सेवाभावमा कुनै कमी नआउने बताएका छन् ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै पूर्वप्रधानमन्त्री समेत रहेका ओलीले सामाजिक सञ्जालमार्फत यस पटकको विर्नाचनमा आफूले अपेक्षा गरेजस्तो परिणाम प्राप्त गर्न नसकेको बताएका हुन् । लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुने र त्यो फैसला शिरोधार्य गरेको स्पष्ट पार्दै पूर्वप्रधानमन्त्री ओलीले सूर्य चिन्हमा मतदान गरेर एमालेको पक्षमा उभिने सम्पूर्ण मतदाताप्रति धन्यवाद व्यक्त गरे । 'यस पटकको निर्वाचनमा मैले अपेक्षा गरेजस्तो परिणाम प्राप्त गर्न सकिनँ । हाम्रो पार्टीले पनि अपेक्षित परिणाम ल्याउन सकेन' उनले भने 'जनताको मतलाई म पूर्ण सम्मानका साथ स्वीकार गर्दछु । यस कठिन घडीमा पनि सूर्य चिन्हमा मतदान गरेर हाम्रो पक्षमा उभिनुहुने सम्पूर्ण मतदाता, नेता, कार्यकर्ता, स्वयंसेवक, शुभेच्छुक र समर्थकहरूप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु । तपाईंहरूको विश्वास नै हाम्रो शक्ति हो । तपाईंहरूको साथ नै हाम्रो तागत हो ।'

निर्वाचनको परिणाम पार्टीको पक्षमा नआए पनि जनताप्रति एमालेको प्रतिबद्धता र सेवाभाव कति पनि कमजोर नभएको बताएका उनले भने 'हामी जनताकै बीचमा रहनेछौं, जनताकै लागि काम गरिरहनेछौं, र विश्वासको सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्नेछौं ।' सामाजिक सञ्जाल फेसबुक मार्फत स्ट्याटस लेख्दै अध्यक्ष ओलीले 'लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ र त्यो फैसला शिरोधार्य गर्नु आफू र आफ्नो पार्टीको कर्तव्य भएको' धारणा व्यक्त गर्दै निर्वाचनको परिणामलाई पूर्ण सम्मानका साथ स्वीकार गर्ने बताए । आफू र आफ्नो दललाई विश्वास गरेर मत दिने सबैलाई हृदयदेखि धन्यवाद व्यक्त गर्दै अध्यक्ष ओलीले 'मत दिनुहुने, साथ दिनुहुने, विश्वास राख्नुहुने सबैमा हृदयदेखि धन्यवाद' भनेका छन् ।' यस पटक प्रतिनिभिसभा सदस्य प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ १६ सिट जितेको छ भने अध्यक्ष ओलीले समेत झापा ५ बाट पराजय व्यहोर्नु परेको छ ।

# प्रमुख राजनीतिक दलका अधिकांश उम्मेदवार पराजित

**काठमाडौं ।** प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत यही फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम सार्वजनिक हुँदै गर्दा प्रमुख राजनीतिक दलका शीर्ष र अनुभवी उम्मेदवारहरू नै अप्रत्यासित रूपमा पराजित भएका छन् ।

गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमार्फत प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको हो । गत भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले तत्कालीन प्रतिनिधिसभा विघटन गरेसँगै यो निर्वाचन गरिएको हो । निर्वाचनमा संसदीय अभ्यासमा अनुभवी नेपाली काँग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दल र अधिकांश शीर्ष नेताहरू अप्रत्यासित रूपमा पराजित भएका छन् ।

निर्वाचन आयोगको पछिल्लो गणनाअनुसार रास्वपाको पक्षमा प्रत्यक्ष र समानुपातिकमा झन्डै दुई तिहाइ मत प्रकट भएको देखिन्छ । यो समाचार तयार पार्दासम्म प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये रास्वपाले ११९ क्षेत्रमा जित हासिल गरिसकेको छ । लामो संसदीय अभ्यास रहेको र अघिल्लो प्रतिनिधिसभा सदस्यमा सबैभन्दा ठूलो दल काँग्रेस यस निर्वाचनमा निकै पछि परेको छ । काँग्रेसका सभापति गगनकुमार थापा, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहमन्त्रीहरू फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही पराजित भएका छन् ।

त्यस्तै, वरिष्ठ नेताहरू डा शेखर कोइराला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, एनपी साउँद, महालक्ष्मी उपाध्याय 'डिना'लगायत नेताहरू पनि पराजित पनि पराजित भएका छन् । उता अर्को प्रमुख पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरू गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू रघुवीर महासेठ, लेखराज भट्ट, सचिवहरू भानुभक्त ढकाल, शेरधन राई, महेश बस्नेत र डा राजन भट्टराई पराजित भएका हुन् । एमालेका वरिष्ठ नेताहरू ईश्वर पोखरेल, देवराज घिमिरे, प्रदीपकुमार ज्ञवालीलगायत पनि पराजित भएका छन् ।

यता, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल विजयी भए पनि सोही पार्टीका सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्रप्रसाद पाण्डे, शक्ति बस्नेतलगायत नेताहरू पनि पराजित भए । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, वरिष्ठ नेता कमल थापालगायत पराजित भएका छन् । विसं २०४८ देखि निरन्तर आफ्नो वर्चस्व कायम गर्दै आएको पार्टी नेपाल मजदुर किसान पार्टी पनि यस निर्वाचनमा संसदीय यात्राबाट बाहिरिने भएको छ । यस पटकको निर्वाचनमा राप्रपाका नेता प्रेम सुवाललगायत कुनै पनि उम्मेदवारलाई मतदाताले विश्वास गरेनन् ।

'जेन-जी' आन्दोलनबाट सिर्जना भएको विशेष परिस्थितिमा सम्पन्न यो प्रतिनिधि सभाको निर्वाचनमा विसं २०६४ को मधेस आन्दोलनपछि उदाएका मधेसवादी दल र तिनका शीर्ष नेताहरू समेत जनताले किनारा लगाइदिएका छन् । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायत शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन् ।

# थापाप्रति सहानुभूति व्यक्त : सभापतिबाट राजीनामा नदिन आग्रह

**ललितपुर ।** जिल्लास्थित स्थानीय तहमा नेपाली काँग्रेसबाट निर्वाचित जनप्रतिनिधिले सभापति गगनकुमार थापालाई पदबाट राजीनामा नदिन आग्रह गरेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनको मत सार्वजनिक भएसँगै राजीनामा दिने सोच बनाएका सभापति थापालाई ललितपुरमा नेपाली काँग्रेसबाट निर्वाचित जनप्रतिनिधिले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी वर्तमान जटिल राजनीतिक अवस्थामा थापाको नेतृत्व र अभिभावकत्व पार्टीका लागि अपरिहार्य रहेको बताएका हुन् ।

उक्त विज्ञप्तिमा नेपाली काँग्रेसको गरिमामय इतिहास, वर्तमान राजनीतिक चुनौती, राष्ट्रियता र लोकतन्त्रको संरक्षणका साथै समसामयिक राजनीतिमा निर्वाह गर्नुपर्ने प्रभावकारी भूमिकाका लागि थापा योग्य व्यक्तित्व भएको उल्लेख गरिएको छ । पछिल्लो समय चर्चामा आएको सभापतिको राजीनामाको विषयलाई पूर्णतः नकार्दै जनप्रतिनिधिहरूले पार्टीको सुदृढीकरणका लागि नेतृत्वको निरन्तरताको खाँचो औंल्याएका छन् । ललितपुर जिल्ला समन्वय समिति प्रमुख ऋषिदेव फुँयाल, ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जन, गोदावरी नगरपालिका प्रमुख गजेन्द्र महर्जन र बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनलगायतले सो विषयमा ऐक्यबद्धता जनाएका छन् ।

यसअघि पनि बुधबार काँग्रेसका अग्रज नेता गोपालमान श्रेष्ठले सभापति थापालाई नयाँ जनादेशअनुसार पार्टी सगठन सुदृढ बनाउन आग्रह गरेका थिए । थापाले सभापतिबाट राजीनामा दिनसक्ने चर्चा भइरहेका बेला सामाजिक सञ्जालमार्फत सन्देश सार्वजनिक गर्दै श्रेष्ठले हालै सम्पन्न निर्वाचनमा अपेक्षित नतिजा नआए पनि पार्टीलाई एक ढिक्का बनाएर अघि बढ्नुपर्ने सुझाव दिएका हुन् । सभापति थापाले देखाएको साहस, दृष्टि र युवालाई प्रेरित गर्ने क्षमताले काँग्रेसलाई अझ बलियो बनाएको उल्लेख गर्दै नेता श्रेष्ठले लेखेका छन् 'यस कठिन घडीमा राजीनामा ल्याउनु वा राजीनामा गर्नुले पार्टी र देश दुवैका लागि हितकर हुँदैन । बरु, सबै काँग्रेसीजनहरू एकढिक्का भएर तपाईंलाई साथ दिनु आवश्यक छ । तपाईंको नेतृत्वमा हामीले नयाँ ऊर्जा, नयाँ आशा र नयाँ रूपान्तरणको बाटो देखिरहेका छौं ।'

निर्वाचन परिणामभन्दा लोकतन्त्रको रक्षा, विधिको शासन सुदृढीकरण र राजनीतिक अस्थिरताको अन्त्य बढी महत्वपूर्ण विषय भएको बताउँदै श्रेष्ठले लेखेका छन् 'देश फेरि लयमा फर्कन थालेको छ र यस यात्रामा तपाईंको नेतृत्वले हामीलाई आशा र दिशानिर्देशन दिएको छ ।' उनले निर्वाचनबाट प्राप्त सिकाइलाई आत्मसात गर्दै वडा, गाउँ, नगर, क्षेत्र, जिल्ला र केन्द्रसम्म संगठन सुदृढीकरणमा लाग्नुपर्ने तर्फ औंल्याउँदै श्रेष्ठले सामाजिक सञ्जालमा लेखेका छन् 'यस संकटको घडीमा तपाईंलाई पूर्ण समर्थन र ऐक्यबद्धता व्यक्त गर्दै, हामी सबै मिलेर नेपाली काँग्रेसलाई रूपान्तरण गर्ने यात्रामा अगाडि बढ्ने प्रतिज्ञा गर्दछौं ।'

# कर्णालीमा कांग्रेस पहिलो र नेकपा दोस्रो

**काठमाडौं ।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य अन्तर्गतको निर्वाचनमा दस वटा जिल्ला रहेको कर्णाली प्रदेशले नेपाली काँग्रेस अपार विश्वास गरेर पहिलो दल बनाएर पठाएको छ ।

जिल्लाका १२ निर्वाचन क्षेत्रको अन्तिम मत परिमाण सार्वजनिक हुँदा पाँच निर्वाचन क्षेत्रमा विजयी हुँदै कर्णालीमा काँग्रेस पहिलो दल बनेको हो । निर्वाचन आयोगले सार्वजनिक गरेको मत परिमाणअनुसार काँग्रेसबाट जाजरकोटमा खड्कबहादुर बुढा, हुम्लामा जयपति रोकाया, दैलेख-१ मा वासना थापा, मुगुमा खड्क शाही र सुर्खेत-१ बाट बिष्णुबहादुर खड्का निर्वाचित भए । यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट रुकुम पश्चिमा गोपाल शर्मा, सल्यानमा रमेशकुमार मल्ल, डोल्पामा धनबहादुर बुढा र कालिकोटमा महेन्द्रबहादुर शाही विजयी भएर कर्णाली दोस्रो दल बनेको छ ।

यसैगरी, राप्रपाबाट जुम्लामा ज्ञानबहादुर शाही, एमालेबाट दैलेख-२ मा लक्ष्मीप्रसाद पोखरेल र रास्वपाबाट सुर्खेत-२ मा रमेशकुमार सापकोटा निर्वाचित भएको निर्वाचन आयोगको केन्द्रिय कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ । कर्णालीमा नेकपाले ४ तथा रास्वपा, एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी एक-एक निर्वाचन क्षेत्रमा विजयी भएको निर्वाचन आयोगले जनाएको छ ।

# क-कसको जफत भयो जमानत ?

**काठमाडौं ।** बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत जुम्लाका ६ जना उम्मेदवारको जमानत जफत भएको छ । यस पटक एक स्वतन्त्रसहित नौ वटा विभिन्न राजनीतिक दल गरी १० जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका जुम्लामा खसेको सदर मतको १० प्रतिशत कटाउन नसक्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का विनिता कठायतको धरौटी जफत भएको हो ।

रास्वपा उम्मेदवार कठायतले जम्मा ४२१ मत प्राप्त गरेकी थिइन् । त्यसैगरी प्रगतिशील लोकतान्त्रिक पार्टीका मनऋषि धितालले ११२, नेमकिपाका विर्षबहादुर रावतले ४००, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का बिर्ख शाहीले ७१, नेपाल जनता पार्टीका रनील विक्रम शाहीले ४३ मत प्राप्त गर्दा जमानत जफत भएको हो । स्वतन्त्र उम्मेदवार भक्तबहादुर रावलको पनि जमानत जफत भएको छ । ती उम्मेदवारहरूले खसेको सदर मतको १० प्रतिशत पनि कटाउन नसकेपछि कानुनबमोजिम निर्वाचन कार्यालयमा दाखिला गरेको धरौटी रकम जफत हुने कानुनी व्यवस्था रहेको जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलले बताए ।

जुम्लाबाट राप्रपाका ज्ञानेन्द्र शाहीले १४ हजार ८१६ मत ल्याएर निर्वाचित भएका छन् भने नेकपाका उम्मेदवार नरेश भण्डारीले ११ हजार ६३५ मत प्राप्त गरेका हुन् । निर्वाचन कार्यालय जुम्लाका अनुसार एमालेका शान्तिलाल महतले ४ हजार ५१८ मत, नेपाली कांग्रेसका दीपबहादुर शाहीले ७ हजार १४३ मत प्राप्त गरेको जानकारी दिएको छ । जुम्लामा कुल मतदाता संख्यामध्ये प्रत्यक्षतर्फ ४० हजार ८९७ मत तथा समानुपातिकतर्फ ४१ हजार ६३१ मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन कार्यालय जुम्लाका अनुसार जिल्लामा कुल मतदाता संख्या ७१ हजार ७३९ जना रहेको छन् ।

यस्तैगरी, कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नम्बर- २ मा उम्मेदवारी दिएका १९ मध्ये १५ जनाको जमानत जफत भएको छ । कञ्चनपुरका निर्वाचन अधिकृत प्रकाशबहादुर भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसक्दा राजनीतिक दलका ११ र स्वतन्त्र चार गरी १५ जना उम्मेदवारको जमानत जफत भएको जानकारी दिए । कञ्चनपुर-२ मा राजनीतिक दलतर्फका राष्ट्रिय प्रजातन्त्र पार्टीका तीर्थराज चटौतले एक हजार ९९३, जनमत पार्टीका रामचन्द्र भट्टले १२५, नेपाल मजदुर किसान पार्टीका सीताराम रानाले ७२ तथा राष्ट्रिय जनमोर्चाका रामबहादुर कार्कीले १९५, प्रगतिशील लोकतान्त्रिक पार्टीका धर्मानन्द जोशीले १९५, संयुक्त नागरिक पार्टीका खडक तम्राकारले ३२, मितेरी पार्टी नेपालका तेजबहादुर बडवालले १८ तथा नेपाली कम्युनिस्ट पार्टी (माओवादी) का लोकेन्द्रबहादुर विकले १४३ र उज्यालो नेपाल पार्टीका योगेन्द्रबहादुर साउदले ९३, नागरिक उन्मुक्ति पार्टी नेपालकी प्रेमवती रानाले ५६० र आम जनता पार्टीका जग्गु चौधरीले ३७ मात्र मत पाउँदा जमानत जोगिन नसकेको हो ।

स्वतन्त्रतर्फ वीरेन्द्र रानाले ८१, भानुभक्त बोहराले २६, सिद्धराज जोशीले १९ तथा हरिशबहादुर भट्टले ४४ मात्र मत प्राप्त गर्दा जमानत जफत भएको छ । कञ्चनपुरको सो निर्वाचन क्षेत्रबाट दलतर्फका उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार दीपकराज बोहरा ३३ हजार ९५२ मत ल्याएर विजयी भए भने उनका निकटतम प्रतिस्पर्धी नेपाली काँग्रेसका नारायणप्रकाश साउदले १० हजार ८२७ मत प्राप्त गरी दोस्रो तथा एमालेका बचनबहादुर सिंहले ६ हजार ४१८ मत पाएर तेस्रो स्थान तथा नेकपाका माधव पन्तले ६ हजार ३३७ मतसहित चौथो स्थान पाएर जमानत जोगाएका छन् ।

उता, जिल्लाको निर्वाचन क्षेत्र नम्बर-३ का नेकपाका उम्मेदवार मानबहादुर सुनारले चार हजार २८४ मत प्राप्त गरी धरौटी जफत भएको छ । उनलाई धरौटी जोगाउन पाँच हजार ३५२ मत आवश्यक थियो । सो क्षेत्रमा सुनारसहित १४ जनाको धरौटी जफत भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । १७ जना प्रतिस्पर्धी रहेको सो क्षेत्रमा रास्वपाका ज्ञानेन्द्रसिंह महताले २७ हजार ११८ मत ल्याएर विजयीसहित अन्य तीन जनाको धरौटी जोगिएको छ । ती बाहेक अन्य विभिन्न सात जिल्लाका ४ सय ९३ जना उम्मेदवारका जमानत जफत भएको छ । काठमाडौं जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईका अनुसार जिल्लाका १० वटा निर्वाचन क्षेत्रका मात्रै २२६ जना उम्मेदवारको जमानत जफत भएको छ । एमाले, नेकपा, राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टीसहित स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको छ । काठमाडौं क्षेत्र १ मा एमालेका उम्मेदवार मोहनराज रेग्मीसहित २६, क्षेत्र नं २ मा राममणि फुयाँलसहित २५, क्षेत्र नं ३ मा एमालेका उम्मेदवार रामेश्वर फुयाँलसहित १९, क्षेत्र नं ४ मा २५, क्षेत्र नं ५ मा एमालेका उम्मेदवार ईश्वर पोखरेलसहित २२, क्षेत्र नं ६ मा १७, क्षेत्र नं ७ मा २६, क्षेत्र नं ८ मा २१, क्षेत्र नं ९ मा २२ र क्षेत्र नं १० मा २३ जना उम्मेदवारको जमानत जफत भएको आयोगले जनाएको छ ।

यसैगरी, कास्की-१ मा १४, कास्की-२ मा १४ र कास्की-३ मा १२ जना उम्मेदवारको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ भने दाङमा ५१ जना उम्मेदवारको जमानत जफत भएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुवँरले जानकारी दिए । इलाममा १८, भोजपुर ७, बागलुङमा ८ र रूपन्देहीमा १४३ तथा ललितपुरका ६३ जना उम्मेदवारको जमानत जफत भएको सम्बन्धीत जिल्लास्थित निर्वाचन कार्यालयले जानकारी दिएको छ ।

# पश्चिम एसियामा द्वन्द्व : उद्धार र सहायताका लागि विवरण दर्ता जारी

**काठमाडौं ।** पश्चिम एसियाको द्वन्द्वपछि परराष्ट्र मन्त्रालयल अन्तर्गतको कन्सुलर सेवा विभागद्वारा सञ्चालनमा ल्याइएको अनलाइन दर्ता प्रणालीमा बिहीबारसम्म ६५ हजार ८८६ नेपाली नागरिकले आफ्नो विवरण दर्ता गराएका छन् ।

त्यसरी दर्ता भएका विवरण अध्ययन गरी आवश्यकताअनुसार कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि पश्चिम एसियामा द्वन्द्व चर्केको छ । त्यहाँबाट नेपाली नागरिकको उद्धार तथा आवश्यक सहायतालगायतका प्रयोजनका लागि विभागद्वारा उक्त अनलाइन पोर्टल यही फागुन १८ गतेदेखि सञ्चालनमा ल्याएको हो । सो पोर्टलमा उक्त क्षेत्रमा रहेका नेपाली राजदूतावासमार्फत नेपाली नागरिकको विवरण सङ्कलन गर्ने कार्य भइरहेको विभागका महानिर्देशक दुपर्दा सापकोटाले जानकारी दिए ।

पश्चिम एसियामा रहेका नेपाली नागरिकको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि मन्त्रालय र त्यहाँस्थित नेपाली नियोग निरन्तर सक्रिय रहेका छन् । उक्त क्षेत्रमा रहेका नेपाली नियोगहरूले समस्यामा परेका नेपालीको उद्धार तथा सहायताका लागि निरन्तर समन्वय गरिरहेका मन्त्रालयलका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए । परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित 'इमर्जेन्सी रेस्पोन्स टिम'को बुधबार सम्पन्न दोस्रो बैठकको निर्णयअनुसार समस्यामा परेका नेपालीसँग इमेल, फोन वा अन्य उपयुक्त माध्यमबाट सम्पर्क गर्न, मनोबल बढाउन र उनीहरूको प्रतिक्रिया लिएर प्रतिवेदन गर्न पश्चिम एसियास्थित सबै नियोगलाई निर्देशन दिइएको उनले बताए ।

पश्चिम एशिया क्षेत्रमा रहेका सबै नेपाली नागरिकलाई संयमित, सचेत र सजग रहन कानुनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्री रेकर्ड गर्ने र आदानप्रदान गर्ने कार्य नगर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ ।
पश्चिम एशिया क्षेत्रमा रहेका सबै नेपाली नागरिकलाई संयमित, सचेत र सजग रहन कानुनविपरीत कुनै किसिमका फोटो, भिडियो तथा अडियो सामग्री रेकर्ड गर्ने र आदानप्रदान गर्ने कार्य नगर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ ।

# केही नवीनतम...

क्रान्तिकारीहरूलाई अवसरवादबाट जोगाउने काम पार्टीले गर्नुपर्दछ । तर, सिङ्गो पार्टी मूल नेतृत्वसहित संसद्मा गएपछि यसलाई अवसरवादबाट जोगाउने संयन्त्र कुन हो ? यो प्रश्न हाम्रो सन्दर्भमा मुख बाएर खडा भएको छ ।

विश्वका प्रायः सबै विवेकशील मार्क्सवादीहरु यो निष्कर्षमा पुग्दैछन् कि आम जनताको स्वतन्त्रता र सक्रिय सहभागिताको अभावमा नै सोभियत सङ्घको पतन भएको हो । श्रमजीवी जनताको जीवन्त सक्रियतामाथि बन्देज लगाउने कुनै पनि राजनीतिक प्रणालीको आयु लामो हुँदैन । दार्शनिक रूपमा मार्क्सवादीहरु भौतिकवादी एकतत्त्ववादबाट निर्देशित हुन्छन्; राजनीतिक रूपमा भने भौतिकवादी एकतत्त्ववादले साम्यवादको यात्राको खास चरणसम्म बहुलतालाई स्वीकार गर्न निर्देशित गर्दछ । यसको व्यावहारिक अर्थ हो- सत्ता मजदुर-किसानलगायत उत्पीडित वर्गको निगरानी र नियन्त्रणमा रहनु पर्दछ । मजदुर, किसान, विद्यार्थी, बुद्धिजीवी, महिलालगायत उत्पीडित शिविरका जनवर्गलाई सम्पूर्ण रूपले पार्टीले नियन्त्रण गर्ने नेपाली कम्युनिस्टहरूको साझा अभ्यासले दिने परिणाम हाम्रा अगाडि स्पष्ट नै छ ।

दशकौंदेखि शिक्षामा सुधार ल्याउन गरिनुपर्ने आन्दोलनबाट विद्यार्थी सङ्गठनहरु टाढा छन् । किसानहरु सडकमा चुपचाप दूध बगाउँछन् तर आन्दोलनका लागि अगाडि आउँदैनन् । महिला सङ्गठनको नीति र नेतृत्व कस्तो रहने भन्ने निर्णय पार्टीमा हावी पुरूषहरूबाट हुने गरेको छ । योभन्दा पनि गम्भीर कुरा त एमालेको कथित जनताको बहुदलीय जनवाद भन्ने कार्यक्रम अगाडि आएसँगै वनजङ्गल, खानेपानी, विद्यालय, स्वास्थ्य सेवालगायत समुदायका सबै सम्पदाहरूमाथि पार्टीको वर्चश्व कायम गर्ने अभियान चलाइयो । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सेकताप गरेको यही अभियानका कारण आज जनसमुदाय निरीह र मौन बनेका छन् । उनीहरूका जीवन्त गतिविधिलाई सामान्यतया एमालेको र छिटफुट रूपमा अरू पार्टीहरूको नियन्त्रणमा बन्दी बनाइएको छ । किसान एउटा हलोका निम्ति, मजदुर आफ्नो बालबालिका सरकारी विद्यालयमा दाखिल गर्नका निम्ति, सामान्य गृहस्थी घरमा धारा जडानका निम्ति, पार्टीका कर्ताधर्तासामु झुक्न बाध्य छन् । यी सबै कारणहरूले गर्दा कम्युनिस्ट पार्टी र यसका नेताहरूमा बढ्दो उपभोक्तावाद र त्यसलाई पूरा गर्न अपनाइने राजनीतिक अवसरवाद अनियन्त्रित बनेको छ । यो स्थितिमा सत्तामा पार्टी होइन, जनवर्गका स्वयम्सेवी सङ्गठनहरु पठाउने विधि नै सर्वोत्तम विधि हो । तर, हाललाई यो असम्भव नभए पनि अत्यन्त कठिन छ । यदि यो नीति लागू गर्न सम्भव छैन भने हामीले अर्को कारगर नीति तर्जुमा गर्नै पर्दछ, जसले गर्दा पार्टी र यसका नेताहरु जनसमूहको निगरानी र नियन्त्रणमा रहून् ।

यसका निम्ति जनवर्गलाई केवल वैचारिक रूपमा नेतृत्व गर्नमा मात्र पार्टी सीमित बन्नु पर्दछ । पार्टीले कज्याएका जनवर्गले पार्टीलाई अवसरवादबाट रोक्ने बाँधको रूपमा काम गर्न कदापि सक्दैनन् । त्यसैले जरूरी छ, जनताको पहलकदमीलाई स्वतन्त्र बनाइयोस् । मार्क्सवादको भौतिक शक्ति सर्वहारा वर्ग हो । हाम्रो सन्दर्भमा पौरखी मजदुर-किसान र जात-व्यवस्थाद्वारा स्थायी उत्पीडित बनाइएका तथाकथित दलितहरु नेपाली मार्क्सवादका भौतिक शक्तिहरु हुन् । यस अर्थमा नेपालको समाजवादी क्रान्तिलाई अगाडि बढाउन जात-व्यवस्थालाई समाप्त तुल्याउने कार्यक्रम सर्वाधिक सहयोगी बन्न सक्नेछ । मजदुर, किसान आदिसँग दलितको ठूलो हिस्सालाई क्रान्तिको आधारभूत शक्तिका रुपमा अगाडि नबढाइएसम्म संसद्वादमा भासिएको कम्युनिस्ट पार्टीको आफ्नै मुक्ति सम्भव छैन; जनतालाई मुक्त गराउने कुरा त धेरै टाढाको विषय हो ।

## हाम्रो बाटो, मूल बाटो

शोषक-उत्पीडकहरूको प्रभुत्व र शासन कायम राखिराख्न पुँजीवादले विभिन्न मायावी रूप लिने गरेको छ र नयाँ-नयाँ भूगोलमा विचरण गर्ने गरेको छ । आफ्ना हितका निम्ति पुँजीवादले सामन्ती मूल्य-मान्यता मात्र होइन, बर्बर युगका मान्यताहरूलाई पनि जोगाएर आफ्नो हितमा उपयोग गर्ने गर्दछ ।

अङ्ग्रेजहरूको लामो शासनपछि पनि भारतमा जात-व्यवस्थालगायत सामन्तवादका विभिन्न मूल्य र मान्यतालाई कायम रहिरहनुले यही सत्यलाई प्रमाणित गर्दछ । पुँजीवादसँगको यो लडाईंमा सङ्घर्षको स्वरूप कस्तो रहला भन्ने कुरा कुनै खास वर्गको छनौटको विषय होइन । हामी कम्युनिस्टहरु शान्ति, समानता, खुसीयाली र समृद्धिको पक्षमा छौं । तर, ताली एक हातले बज्दैन । पुँजीवाद भनेको कुनै स्थुल प्रणाली मात्र होइन; शोषण, भेदभाव, दमन, हिंसा आदि पुँजीवादका चारित्रिक लक्षणहरु हुन् । पुँजीवाद रहेसम्म यी सामाजिक खराबीहरु कायमै रहनेछन् । समाजवादी नेपालका निम्ति हामी यति मात्र भन्न सक्छौं- हाम्रो सङ्घर्षको स्वरूप अहिंसात्मक तर जुझारू प्रकारको रहनेछ ।

हामी हाम्रा गतिविधिहरूलाई चुनाव लड्ने र सरकार बनाउने सीमाभित्र बन्धक बनाउने छैनौं । मार्क्सवादको आधारभूत सिद्धान्तमा आधारित नरहेको 'जनताको बहुदलीय जनवाद' भन्ने फेबियनिस्ट कार्यक्रमले एमालेको पतन गराएको इतिहासबाट मनग्गे शिक्षा लिनुपर्छ । हाम्रो वैचारिक प्रभावमा रहेका मजदुर, किसान, महिला, व्यापारी, बुद्धिजीवी र उत्पीडित किताका विभिन्न तहमा रहेका जनताका आफ्ना साझा स्वार्थहरूका निम्ति लड्न सक्ने जैविक सामर्थ्यलाई भुत्ते बनाउने काम हाम्रो पार्टीले गर्ने छैन । जनवर्गको पक्षपोषण गर्ने कार्यक्रमहरु बनाउन, नेतृत्वको निर्माण र विकास गर्न र सङ्घर्षका विभिन्न उपायहरु अबलम्बन गर्न पार्टीले जनवर्गलाई उत्साहित तुल्याउने छ । जनवर्गको पहलकदमी निर्वाध रूपमा अघि बढ्ने अवस्था कायम नभएसम्म नेपाल स्वतन्त्र, आत्मनिर्भर, समतामूलक र समृद्ध देश बन्न सक्दैन ।

दक्षिण एसियामा मात्र कायम रहेको जात-व्यवस्थालाई समूल नष्ट गर्न तथाकथित दलित र तल्लो जातलाई स्वतन्त्ररूपमा सङ्घर्षका नीतिहरु तय गर्न पार्टीले वैचारिक अगुवाइ गर्नेछ । हाम्रो पूर्वघोषणाजस्तै जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका शोषण र विभेदका सबै जञ्जालहरूबाट मुक्त समाजवादी गणराज्य निर्माण गर्ने पार्टीको आम कार्यदिशामा सबै कमिटीहरूले विशिष्ट भूमिका निर्वाह गर्नु पर्दछ । दुनियाँभरका अनुभवले के देखाएको छ भने कम्युनिस्टहरु सामन्तवादका विरूद्ध योग्यतापूर्वक लड्छन् तर त्यही योग्यता पुँजीवाद विरूद्धको लडाईंमा उद्घाटित हुन सकेको छैन । नेपालको सन्दर्भमा अपेक्षाकृत पुँजीवादको विकास भएको मानिने क्षेत्रमा पुँजीवादलाई परास्त गर्न हाम्रो पार्टीले सम्पूर्ण प्रयासहरु केन्द्रित गर्नु पर्दछ । पुँजीवादी विषालु सर्पको टाउकोका रूपमा रहेका त्यस्ता क्षेत्रमा यसलाई धुलिसात पार्न सकियो भने नेपालका निम्ति समाजवादको बाटो खुला हुनेछ ।

## तत्काल गर्नुपर्ने काम

**शिक्षा** : मानवीय सम्पदाको अभिवृद्धिविना अर्थात् उत्पादन प्रणालीको सक्रिय उत्पादक शक्ति मानिने मान्छेको क्षमता अभिवृद्धि नगरेसम्म समाज विकसित हुन सक्दैन । चेतनाका सबै रूपहरु पल्लवित हुन र फुल्न- फल्न शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले नेपालमा शिक्षासम्बन्धी प्रचलित दार्शनिक सोचमा परिवर्तन ल्याउन हाम्रो सिङ्गो पार्टी कटिबद्ध छ । नेपाली समाजका तीन प्रमुख बाधाहरु- (१) मानव समाजकै कलङ्कका रूपमा रहेको जात-व्यवस्था (२) पितृसत्तात्मक सोच ( ३) विज्ञानभन्दा आस्थालाई प्राथमिकता दिने परम्परावादी जडसोच- लाई निषेध गर्नु आजको प्रमुख आवश्यकता हो । हाम्रो शिक्षासम्बन्धी सोच र प्रणालीलाई यसै दिशामा विकसित तुल्याउनु पर्दछ । विज्ञानमा भरोसा गर्ने, सबै मानवलाई समान ठान्ने, मानवलगायत आफ्नो ग्रह ९उबिलभत० प्रति समवेदनशील नयाँ मान्छे तयार पार्नु हाम्रो शिक्षाको मूल उद्देश्य हुनेछ । यसका निम्ति पाठ्यक्रममा व्यापक परिवर्तन ल्याउन हाम्रो पार्टी प्रतिबद्ध छ ।

'नेपाली समाजको आवश्यकता एकातिर, शिक्षाले तयार पार्ने शिक्षित जनशक्ति अर्कातिर' रहेको विद्यमान अन्तर्विरोधलाई समाधान गर्न हामी भूगोल, संस्कृति, अर्थतन्त्र आदिका आधारमा बेग्लाबेग्लै भूगोलमा फरक-फरक पाठ्यक्रम तयार पार्ने कामलाई अगाडि बढाउने छौं । शिक्षकहरूलाई आवधिक तालिममा सामेल गराउने काम अनिवार्य रूपमा अगाडि बढाउने छौं । हाम्रो पार्टी प्रभावी रहेको ठाउँमा प्रत्येक कक्षाका विद्यार्थीका अभिभावक र शिक्षकहरूबीच प्रत्येक तीन महिनामा शिक्षक-अभिभावक जीवन्त छलफल आयोजन हुनेछन् । हाम्रो पार्टीका इकाइहरूले नियमित रुपमा विद्यालयको अनुगमन गर्नेछन् ।

हाम्रा पार्टी सदस्यले निर्वाचन जितेका इकाईमा अनिवार्य रूपमा कूल बजेटको दस प्रतिशत वा त्यसभन्दा माथिको रकम शिक्षामा र घटिमा दस प्रतिशत बजेट स्वास्थ्यमा छुट्याइनेछ । हाम्रो प्रभाव बलियो भएका ठाउँमा समेत यो नीति लागू गर्न प्रयास गरिनेछ । यो रकमको सदुपयोगका निम्ति पार्टीले विशेष पहल गर्नेछ । यसबाहेक कृषि पर्यावरण र पर्यावरणमैत्री पर्यटनमा विशेष जोड दिन हाम्रा सबै पार्टी कमिटीहरु परिचालित हुनेछन् ।

**स्वास्थ्य** : देशका सबै वडाहरूमा जनस्वास्थ्यको सञ्जाल विस्तार गर्नेछौं । सबै वडाहरूमा रक्तचाप, मधुमेह, छातीको एक्स-रे, दिशा-पिसावको परीक्षण गर्ने प्रयोगशाला निर्माण गरिनेछ । जनस्वास्थ्य केवल चिकित्साशास्त्रको विषय नभएर राजनीतिसँग समेत प्रत्यक्षतः जोडिएको विषय हो भन्ने अवधारणालाई हामी भुइँ तहसम्मै पुऱ्याउने छौं । प्रत्येक वडामा स्त्रीरोग विशेषज्ञ, शिशु स्याहार र शिशु स्वास्थ्य विशेषज्ञको व्यवस्था गरिनेछ । परम्परागत चिकित्सा व्यवस्थालाई क्रमशः वैज्ञानिक बनाउँदै लैजाने कुरामा हाम्रो विशेष जोड रहनेछ । झारफुक गर्ने, जडीबुटीको उपचार गर्ने, स्थानीय धाई आदिलाई ज्वरो जाँच्ने, रक्तचाप जाँच्ने, मधुमेहको परीक्षण गर्नेजस्ता तालिम दिँदै उनीहरूसँग भएका ज्ञान र सिपलाई वैधानिकता दिनेछौं । उनीहरुमा व्याप्त अन्धविश्वासलाई हटाउँदै जाने कुरामा हाम्रो विशेष ध्यान हुनेछ । अन्यथा, यो समुदाय अन्धविश्वासकै पूर्णकालीन बाहक बनिरहनेछन् ।

**कृषि** : निर्वाहमुखी कृषिलाई औद्योगीकरण गरेर नेपाली समाजको कायापलट गर्ने नाममा खरबौं रूपैयाँ खर्च भएको छ । परिणाम हाम्रा अगाडि छँदै छ । त्यसैले 'खेतबारीलाई कारखानामा फेर्ने' पुँजीवादी भ्रमबाट जति छिटो सचेत बन्यो, त्यति नै नेपाललाई फाइदा हुनेछ । हामी देशभर कृषि पर्यावरणीय खेती (agro ecological farming) को अध्ययन र जाँचपड्ताल गर्दै त्यसलाई व्यवहारमा लागू गर्नेछौं । नेपालको पर्यावरणीय समवेदनशीलतालाई ध्यानमा राख्दै हामी हाम्रो कृषि-पर्यावरणीय गतिविधिसँग पर्यटनलाई संयोजित गर्नेछौं ।

## धारणाका थप आधार

- ब्रम्हाण्डका हरेक वस्तुभित्र विपरीत तत्त्वहरु हुन्छन् । पार्टी पनि विपरीतहरूको एकत्व हो भन्ने ज्ञानलाई जीवन-व्यवहारमा पार्टीले बिर्सने गरेको छ ।
- हरेक पटक अन्तर्विरोधहरु सतहमा आउन लाग्दा 'यो बेलामा अन्तर्विरोध चर्कंदा पार्टीलाई गम्भीर क्षति हुन्छ' भन्ने गरिन्छ । अहिले पनि उपचारको पुरानै विधि अपनाउन थालेको छाँट देखिन्छ । खटिरालाई क्यान्सर हुन दिने यो प्रवृत्ति त्याग्नु पर्दछ ।
- माओको सततः क्रान्तिको सिद्धान्त अनुसार राजनीतिक अधोपतनका विरूद्ध स्थायी सुरक्षा उपाय भनेकै दुईलाइन सङ्घर्ष हो । यसप्रतिको हाम्रो अरूचि जगजाहेर छ । बेला-कुबेला केही नेताहरु भने दुईलाइन सङ्घर्षलाई 'पार्टीलाई जीवन्त र विकसित पार्ने साधन' नभई 'निजी आकाङ्क्षाहरुका निम्ति मोलमोलाइको साधन' ठान्दछन् र बेला-कुबेला दुईलाइन सङ्घर्षको हतियार देखाएर, केवल देखाएर आफ्नो मनसुवा पूरा गर्दछन् ।
- सामाजिक वर्गबीचको विरोधलाई समस्याका रूपमा बुझ्न र व्यवहार गर्न बन्द गरिनु पर्दछ । यो बुझाइले सुलह र सम्झौताबाट त्यसको समाधान खोज्दछ । अझ 'व्यवस्थापन' भन्ने नयाँ शब्द समेत भित्रिएको छ ।
- वर्गको स्वार्थ अर्थात् वर्गीय दृष्टिकोण त्याग्दा अन्य विरोधहरु- जातीय, क्षेत्रीय, लिङ्गीय, धार्मिक, सांस्कृतिकलगायतका विषयहरु बेस्सरी जिगोलिएका छन् ।
- जडसूत्रवादलाई त्याग्नु भनेको सम्पूर्ण रूपले संसद्वादमा धसिनु होइन । आज कथित नागरिक समाजले ओगट्न खोजिरहेको तर नसकेको त्यो रिक्त स्थान, जहाँबाट उत्पीडित सामाजिक वर्गका पक्षमा महँगी, भ्रष्टाचार, बेरोजगारी, नारी हिंसा, वातावरण विनास, विदेशी हस्तक्षेप आदिको 'कारगर सङ्घर्ष' सङ्गठित गर्न सकिन्थ्यो, सकिन्छ र सकिने छ ।
- पुँजीवादीहरूको सबभन्दा ठूलो सफलता प्रजातन्त्रमाथि उनीहरूको एकाधिकार कायम हुँदै जानु हो । प्रजातन्त्रका राजनीतिक पक्षहरूप्रति कम्युनिस्टहरूको उपेक्षाले उनीहरूको स्वामित्व स्थापित हुन बल पुऱ्यायो । हामीले प्रजातन्त्रको राजनीतिक पक्षमाथि ध्यान दिनु भनेको प्रजातन्त्रको सामाजिक पक्ष अर्थात् रोजगारी, आवास, स्वच्छ पिउने पानी, सडक सञ्जाल, स्वास्थ्य शिक्षा, आदिमाथि उत्पीडित वर्गको पहुँच र अधिकारसहितको प्रजातन्त्रलाई त्याग्नु होइन । यो अवधिमा प्रजातन्त्रको सामाजिक पक्षप्रति हाम्रो पार्टी बिल्कुल उदासिन रह्यो ।
- समाज पहिले जस्तै अर्द्धसामन्ती अवस्थामा निश्चय नै रहेको छैन । तर, यसको अर्थ यहाँ भूमिको सन्दर्भमा सामन्ती सम्बन्ध र नीति उन्मुलन भइसक्यो भन्ने बिल्कुल होइन । त्यसैले भूमिसुधारको प्रश्न आज पनि एउटा महत्त्वपूर्ण प्रश्न रहेको छ र यसको क्रान्तिकारी समाधान जरूरी छ ।
- प्रजातन्त्रका सामाजिक पक्ष-क्रान्तिकारी भूमिसुधार, जनमुखी शिक्षानीति र सुरक्षा क्षेत्रको पुनर्संयोजनका निम्ति शान्ति प्रक्रियामा आएपछि हामीले खेल्नुपर्ने र खेल्न सक्ने भूमिका खेलेनौं । त्यसैले ती समस्याहरु आज पनि मुख बाएर उभिएका छन् ।
- क्रान्तिकारी कम्युनिस्टहरूले संसद्को उपयोग गर्दा वा सरकारमा सामेल हुँदा त्यसलाई शासन गर्ने 'सौभाग्य' का रूपमा बुझ्दैनन् । बरू त्यसको ठीक विपरीत त्यो अवसरलाई विचार, ज्ञान र सोच्ने तरिका फेर्ने कामका निम्ति उपयोग गर्दछन् । हाम्रो सन्दर्भमा त्यस्तो कतै नदेखिएकाले हामी संसद्वादमा भासिएकै कुरालाई प्रमाणित गर्दछ ।
- जनताको क्रान्तिकारी सङ्घर्षलाई नै समाप्त पार्ने गरी बैरी पक्षबीचको अन्तर्विरोधमा खेल्ने चातुर्यलाई पूर्णरूपमा त्याग्नु पर्दछ ।
- नेतृत्वको विलक्षणतामा निर्भर रहने र जुनसुकै शक्तिका अगाडि झुक्ने दृष्टिकोण तथा विश्वासविरूद्ध निरन्तर विचारधारात्मक सङ्घर्ष चलाउनु पर्ने मार्क्सवादी विचारधारात्मक कार्यलाई स्वीकार गरिएन । पार्टीको ऐतिहासिक दस्तावेजमा सगौरव अमुक र अमुक नेताको मेलले इतिहास नै कोल्टे फर्कियो भनेर लेखिनु मार्क्सवादको उपहास हो ।
- पार्टी जीवनमा र राजनीतिक नीति निर्माणमा निरन्तर कट्दा कार्यकर्तामा विराग, तटस्थता र विरक्ति भित्रिएको छ । यसले कार्यकर्ताको आत्मविश्वास र सिर्जनशीलतालाई क्रमशः समाप्त पार्दै लगेको छ । यस्ता कार्यकर्तालते भरिएको पार्टीले क्रान्तिको रक्षाका निम्ति प्रतिक्रान्तिसँग लड्ने साहस जुटाउन सक्दैन ।
- सर्वहारावर्गले जित्ने स्थितिमा मात्रै चष्नजत या कभमिभतभकष्लबतष्ल को अर्थ हुन्छ ।
- बोल्सेभिकहरूले पार्टी निर्माणमा लबतष्ल ाभमभचबतष्ल को सिद्धान्तलाई अस्वीकार गरेका थिए ।
- जनवादको आधारशीलामाथि समाजवादलाई उभ्याउनु पर्दछ । समाजवादको अन्तिम परिणति जनवाद, साँचो जनवाद हुनेछ भनेको भरमा समाजवादको पक्षमा जनता उभिने छैनन् ।
- खास नेतृत्वविना श्रमिक वर्गको क्रान्तिकारी शक्ति बन्न सक्ने कुरामा लेनिनको शङ्का अनि पार्टीले वर्गलाई नियन्त्रण गरेपछि वर्गको जुझारूपना र सिर्जनात्मक धुकधुकी सकिएला भन्ने रोजाको चिन्ता ! यी शङ्का र चिन्ता हटाउने दायित्व आजका कम्युनिस्टहरूको हो । पार्टी र वर्गको जैविक एकता गर्ने ग्राम्सीको अधुरो सपनालाई साकार पार्ने हाम्रो प्रयास हुनु पर्दछ ।
- भूमिसुधारअर्न्तगत जमिनको वर्गीकरणको मुद्दालाई अगाडि ल्याइनु पर्दछ । आवास, वन, उद्योग, खेती र चरनका निम्ति राम्रो अध्ययन गरेर जमिन वर्गीकृत गर्नु पर्दछ ।
- समृद्धिउन्मुख, समृद्ध र अति समृद्ध छुट्याएर समृद्धिउन्मुख वर्गलाई राज्यले प्रमाणपत्र दिनु पर्दछ । राज्यले दिने विभिन्न सुविधा, कोटा र संरक्षण/आरक्षण समृद्धिउन्मुख वर्गलाई प्रदान गर्नु पर्दछ । त्यसो गर्दा त्यो वर्गभित्रका महिलालाई विशेष ध्यान दिनु पर्दछ ।
- पार्टीले आफैंभित्रको भ्रष्ट आचरणलाई दुरुत्साहित गरेर उत्पीडित सामाजिक वर्गको मन जित्नु पर्दछ र त्यसरी बलशाली भएपछि समाजका भ्रष्ट तत्त्वहरूका विरूद्ध आन्दोलन चलाउनु पर्दछ ।
- वर्गविभाजन अझै भइनसकेका जातिहरूको हकमा सिङ्गो जातिलाई विशेष सुविधा दिनुपर्ने जातिमा सूचीकृत गरी सुविधा र अधिकार प्रदान गर्नु पर्दछ ।

## निर्वाचन परिणाम...

नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५ सय ८३, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले १४ लाख ४८ हजार ८ सय ५४, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले ८ लाख ५ हजार ७ सय ७३, श्रम संस्कृति पार्टीले ३ लाख ७८ हजार ६ सय ४९ तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ लाख २९ हजार ४ सय ७२ मत प्राप्त गरेको आयोगले बताएको छ। निर्वाचनमा भाग लिएका अन्य दलले भने थ्रेसहोल्ड कटाउने स्थिति नदेखिएको समेत आयोगले जनाएको छ।

मतपरिणाम सार्वजनिक हुँदै गर्दा अघिल्लो निर्वाचनमा सबैभन्दा धेरै (२७ लाख ९१ हजार ७ सय ३४) मत प्राप्त गरेको एमालेलाई यसपटक निधै ठूलो असर परेको देखिएको छ। अघिल्लो निर्वाचनमा माओवादी केन्द्र एक्लैले ११ लाख ६२ हजार ९ सय ३१ मत ल्याएकामा त्यतिबेलाको एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीसहितसँग एकता गरेर बनेको अहिलेको नेकपालाई पनि यसपालि ठूलै धक्का लागेको देखिएको छ। गत निर्वाचनमा २६ लाख ६६ हजार २ सय ६२ मत ल्याएको नेपाली कांग्रेस पनि यसपालि १७ लाखमै सीमित हुन पुगेको छ। अघिल्लो निर्वाचनमा ११ लाख २४ हजार ५ सय ५७ मत ल्याएको रास्वपाले अप्रत्यासित रूपमा सबैभन्दा धेरै ५१ लाख ३९ हजार २ सय ३५ मत प्राप्त गरेको छ।

## हालसम्मकै कमजोर...

कांग्रेस पहिलो पार्टीमा उक्लियो। ०७० को निर्वाचनबाट कांग्रेसले प्रत्यक्षतर्फ १०५, समानुपातिकतर्फ ९१ र मनोनीत १० गरी २०६ सिटसहित पहिलो पार्टी बन्यो। त्यो निर्वाचनमा कांग्रेसको जम्मा सिट संख्याको ३४.२७ प्रतिशत थियो। एमाले प्रत्यक्षमा ९१, समानुपातिकमा ८४ सिट ल्याउँदै दोस्रो ठुलो पार्टी बनेको थियो।

यसैगरी २०७२ साल असोज ३ गते संविधान सभाबाट संविधान जारी भएपछि प्रतिनिधि सभाको प्रत्यक्षतर्फ १६५ र समानुपातिक तर्फ ११० सिटसहित २७५ सदस्यीय हुने व्यवस्था गरियो। त्यही प्रावधान अनुसार ०७४ मा भएको निर्वाचनमा कांग्रेस फेरि दोस्रो ठुलो दलमा झ¥यो। त्यो निर्वाचनमा एमाले प्रत्यक्षतर्फ ८४ र समानुपातिकतर्फ ४१ सिट जित्दै पहिलो पार्टी बन्दा कांग्रेस प्रत्यक्षतर्फ २३ र समानुपातिकतर्फ ४० सिट जित्दै दोस्रो ठुलो पार्टी बन्यो। त्यो बेला कांग्रेसको प्रतिनिधि सभामा सम्पूर्ण सिट संख्याको २२.९१ प्रतिशत उपस्थिति थियो।

यस्तै ०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा कांग्रेस सबैभन्दा ठुलो पार्टी बन्यो। कांग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ सिटसहित ८९ सिट जित्यो। त्यो सम्पूर्ण सिट संख्याको ३२.३६ प्रतिशत थियो। त्यो निर्वाचनमा एमाले प्रत्यक्षतर्फ ४५ र समानुपातिकतर्फ ३४ गरी ७९ सिटसहित दोस्रो ठुलो दल बनेको थियो। पछिल्लो समय बिहीबार सम्पन्न निर्वाचनमा कांग्रेस न्यून सिटसहित दोस्रो दलमा झरेपछि ०४८ देखि अहिलेसम्म भएका ८ निर्वाचनमध्ये प्रतिनिधि सभामा कमजोर उपस्थिति हुने भएको हो। फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम सार्वजनिक भइसक्दा कांग्रेसले २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिट गरी जम्मा ३८ सिट मात्रै जितेको छ। त्यो सम्पूर्ण सिट संख्याको १३.८२ प्रतिशत मात्रै हो।

यो निर्वाचनमा प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट जित्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पहिलो ठूलो दल बनेको छ। पहिलो पटक नयाँ संविधान जारी भएपछि एउटै दलले प्रस्ट बहुमत ल्याएको हो।

०४८ देखि ०८२ सम्म भएका ८ निर्वाचनमध्ये २ निर्वाचनमा एकल बहुमत ल्याएको कांग्रेसले ०४८ र ०५६ मा बहुमत ल्याएको थियो भने सबैभन्दा कमजोर उपस्थिति यही फागुन २१ मा सम्पन्न निर्वाचनमा १३.८२ प्रतिशत पाएर सबैभन्दा कमजोरी देखिएको छ। यसभन्दा अगाडि कांग्रेसको सबैभन्दा कमजोर उपस्थिति ०६४ मा भएको पहिलो संविधान सभा निर्वाचनमा १९.१३ प्रतिशत रहेको थियो।


## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं!

- गर्भावस्थामा कम्तीमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थाबाट प्रसूती सेवा लिऔं।
- गर्भवती महिलालाई नियमित पोषिला खाने कुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै बिगौती दूध खुवाऔं।
- छ महिनासम्म आमाको दूध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड


## पहाडी र हिमाली भेगमा हल्का वर्षा र हिमपातको पूर्वानुमान, तीन जिल्लामा वर्षा

**काठमाडौं।** जल तथा मौसम पूर्वानुमान महाशाखाले बिहीबार कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी भू-भागमा साधारणतया बादल लाग्ने छ भने बाँकी भागमा आंशिक बादल रहने अनुमान गरेको छ। महाशाखाले कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र हिमाली भागका केही स्थानहरू, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भाग तथा मधेश प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा वा हिमपातको सम्भावना बताएको हो।

बिहीबार राति कोशी प्रदेशलगायत देशका पहाडी भू-भागमा साधारणतया बादल रहनेछ जानकारी दिँदै महाशाखाले बाँकी भागमा आंशिक बादल रहने बताएको छ। कोशी प्रदेशका केही स्थान, बागमती र गण्डकी प्रदेशका पहाडी र हिमाली भागका केही स्थान, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भू-भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा वा हिमपातको सम्भावना रहेको पनि महाशाखाले बताएको छ। मौसम बदली भएसँगै बिहीबार दिउँसो चितवन, गोरखा र उदयपुरमा भारी वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागको अभिलेखअनुसार पछिल्लो ३ घण्टामा सबैभन्दा बढी उदयपुरमा ८२.२ मिलिमिटर, गोरखामा ८० मिलिमिटर वर्षा भएको हो।

चितवनमा ६० मिलिमिटरभन्दा बढी वर्षा भएको पनि विभागले जनाएको छ। मापनका हिसाबले तीनवटै ठाउँमा भारी वर्षा हो। उदयपुरको कटारी र गोरखाको बारपाकमा बढी वर्षा भएको छ भने अन्य क्षेत्रमा समेत पानी परिरहेको विभागले जनाएको छ। विभागका अनुसार लमजुङ, मकवानपुर, सिन्धुपाल्चोक, सङ्खुवासभा, इलाम, सोलुखुम्बु, मुस्ताङ, बर्दिया, कास्कीलगायत जिल्लामा पनि वर्षा भएको छ। यो वर्षापछि प्रदूषण केही कम हुने अनुमान गरिएको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिए।

## ११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस : सबै प्रकारका हिंसा अन्त्य गर्न राष्ट्रपतिको आह्वान

**काठमाडौं।** राष्ट्रपति रामचन्द्र पौडेलले महिलाविरुद्ध हुने शारीरिक एवं मानसिक सबैखाले हिंसा, विभेद र उत्पीडनको अन्त्यका लागि काममा आ-आफ्नो क्षेत्रबाट योगदान गर्न सबैलाई आह्वान गरेका छन्।

११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (आठ मार्च) का अवसरमा एक शुभकामना सन्देश जारी गर्दै राष्ट्रपति पौडेलले समाजमा वृद्धि भइरहेको किशोरी तथा बालिकालगायत सम्पूर्ण महिलाविरुद्ध हुने शारीरिक तथा मानसिक हिंसा एवं कुप्रथालाई निर्मूल गर्न आ-आफ्नो क्षेत्रबाट योगदान दिनुपर्नेमा जोड दिएका हुन्। जनसंख्याको आधा हिस्सा ओगटेका महिला सशक्त भएमा सिंगो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि बढ्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलको सन्देशमा यसतर्फ विशेष ध्यान पु¥याउन जरुरी रहेकोमा जोड दिइएको छ।

'संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोसेढुंगा साबित भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलको शुभकामना सन्देशमा लैंगिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण एवं निर्णय प्रक्रिया, राजनीतिजस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समान रूपमा सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ।

'यस दिवसले हामी सबैलाई महिलाहरूको हक, अधिकार, समानता, सशक्तीकरण तथा सम्मानप्रति पूर्ण संवेदनशील भई कार्य गर्न सबैमा थप ऊर्जा, उत्साह एवं प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु' उनको सन्देशमा भनिएको छ। महिला अधिकार तथा लैंगिक एवं आर्थिक समानता प्रवर्द्धनको पूर्ण प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउने गरिएको छ। यस वर्ष 'सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने संयुक्त राष्ट्रसंघले तय गरेको मूल नाराका साथ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विविध कार्यक्रमका साथ विश्वभरका सरोकारवाला निकायहरूले मनाइरहेका छन्।

विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैंगिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवं उचित सम्मान गर्नेलगायतका उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइरहेका छन्।

## पश्चिम एसिया संकट : आपत्कालीन प्रतिकार्य टोलीको बैठक

**काठमाडौं।** परराष्ट्र मन्त्रालयमा बुधबार परराष्ट्रसचिव अमृतबहादुर राईको संयोजकत्वमा गठित आपत्कालीन प्रतिकार्य टोलीको दोस्रो बैठक सम्पन्न भएको छ।

बैठकमा पश्चिम एसियाली मुलुकमा रहेका नेपाली नागरिकको सुरक्षा र हित संरक्षणका खातिर सरकारका तर्फबाट हालसम्म भएका प्रयास तथा प्रगतिबारे समीक्षा भएको थियो। बैठकमा नेपालीको सुरक्षा सुनिश्चित गर्न आवश्यक समन्वय र पहललाई निरन्तरता दिने, हवाई उडान सञ्चालनको सम्भावनाबारे अध्ययन गर्ने, आपत्कालीन नियन्त्रणकक्ष नेपालका नियोगसँग सम्पर्कमा आएकाहरूलाई सहयोग गर्ने निर्णय भएको मन्त्रालयले बताएको छ।

बिहीबार अमेरिका-इजरायलले इरानविरुद्ध संयुक्त रूपमा हवाई हमला गरेपछि पश्चिम एसियाली मुलुकमा तनाव बढेको छ। ती मुलुकमा रोजगारीका सिलसिलामा धेरै नेपाली रहँदै आएका छन्।

## पश्चिम एसियामा तनाव : शान्ति सैनिकको सुरक्षाप्रति नेपालको जोड

**काठमाडौं।** सरकारले पश्चिम एसियामा जारी तनावप्रति चिन्ता व्यक्त गर्दै त्यहा कार्यरत शान्तिसैनिकको सुरक्षाबारे जोड दिएका छ। न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगका अनुसार लेबननमा कार्यरत संयुक्त राष्ट्रसंघीय अन्तरिम फौजको सुरक्षा सुनिश्चित हुनुपर्नेमा नेपालले जोड दिएको हो।

दक्षिणी लेवनानमा हालै भएको आक्रमणमा तीन जना शान्ति सैनिक घाइते भएको घटनालाई लिएर राष्ट्रसंघका सदस्य मुलुकसँगै नेपालले उनीहरूप्रति दृढ समर्थन जनाउँदै सुरक्षामा जोड दिएको हो। नेपालले शान्तिसैनिक कहिल्यै आक्रमणको लक्ष्य हुनु नहुने बताएको छ। सरकारले संयुक्त राष्ट्रका कर्मचारीहरूविरुद्ध भएका आक्रमणहरूको समेत नेपालले कडा निन्दा गरेको छ। सरकारले घाइतेहरूको शीघ्र एवं पूर्ण स्वास्थ्य लाभको कामना गरेको छ।

सम्बद्ध सबै पक्षलाई अधिकतम संयमित हुन, अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न तथा सम्बन्धित सुरक्षा परिषद प्रस्तावनाहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न नेपालसहित विश्वसमुदायले आह्वान गरेको छ।

## डोल्पामा नेकपाका बुढा विजयी

**काठमाडौं।** एउटै मात्र निर्वाचन क्षेत्र भएको डोल्पामा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का धनबहादुर बुढा विजयी बनेका छन्। उनले निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिस्ट पार्टी (एमाले) का उम्मेदवार लंकबहादुर रोकायाली१ हजार ४ सय ६ मतान्तरमा ६ हजार ८ सय २ मत ल्याएर विजयी भएका हुन्।

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं